# ***नेपाल विद्युत प्राधिकरण***

कावेली कोरिडोर १३२ के.भी. प्रसारण लाईन

# *सामाजिक प्रभाव मुल्यांकन प्रतिवेदन*

**तयार गर्ने**

वातावरण तथा सामाजिक अध्ययन विभाग
खरिपाटी, भक्तपुर
२०७१

# *बिषय सुची*


| क.सं. | | पेज नं. |
|---|---|---|
| १.० | परिचय | १ |
| २.० | आयोजना सम्बन्धी विवरण | २ |
| २.१ | आयोजनाको लागि आवश्यक पर्ने जग्गा | ३ |
| ३.० | अध्ययन विधि | ४ |
| ३.१ | सरोकारवालाहरुसंगको छलफल तथा सुझावहरु | ५ |
| ३.२ | गुनासो व्यवस्थापन | ५ |
| ४.० | आयोजना प्रभावित गा.बि.स. हरुको सामाजिक तथा आर्थिक अवस्था | ६ |
| ४.१ | आयोजना प्रभावित परिवारहरुको सामाजिक तथा आर्थिक अवस्था | ७ |
| ४.१.१ | आदिवासी तथा जनजाति समुह | ७ |
| ४.१.२ | जोखिम समुदाय | ९ |
| ४.२ | वजेटको व्यवस्था | १० |
| ४.३ | आयोजनाबाट पर्न सक्ने प्रभाव तथा न्युनिकरणका उपायहरु | ११ |


## *प्रयोग भएका तालिकाहरु*


**तालिका नं. २.१: जिल्ला अनुसार निर्माण गरिने टावरहरु र प्रयोग हुने जग्गाको किसिम**

**तालिका नं. २.२ : प्रसारण लाइनको लागि आवश्यक पर्ने जग्गा**

**तालिका नं. ३.१ : जिल्ला अनुसार सर्वेक्षण गरिएका घरघुरी संख्या**

**तालिका नं. ४.१: प्रभावित परिवारहरुको वर्गीकरण**

**तालिका नं. ४.२ : आयोजनाबाट पर्न सक्ने प्रभाव र न्यूनिकरणका उपायहरु**

## १.० परिचय

नेपाल विद्युत प्राधिकरण (ने.वि.प्रा.), प्रस्तावित काबेली करिडोर १३२ के.भी. विद्युत प्रसारण लाइन आयोजनाको प्रस्तावक हो । नेपाल विद्युत प्राधिकरण वि.स. २०४२ साल भाद्र १ स्थापना भएको नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको एक संगठित संस्था हो । यस सस्थाले नेपालमा विद्युत उत्पादन, प्रसारण र वितरण सम्बन्धि कार्य गर्ने गर्दछ । प्रस्तावित आयोजनाको सामाजिक प्रभाव मुल्याङ्कन प्रतिवेदन नेपाल वातावरण तथा विज्ञान सेवाले सन २०११ मा तयार गरेको थियो भने यसको परिमार्जित प्रतिवेदन नेपाल विद्युत प्राधिकरणको ईन्जिनियरिङ सेवा निर्देशनालय अन्तर्गत वातावरण तथा सामाजिक अध्ययन विभागले तयार गरेको छ ।

प्रस्तावित आयोजनाको प्रारम्भिक वातावरणिय अध्ययन प्रतिवेदन तथा आयोजनाले तयार गरेको सामाजिक सुरक्षा प्रतिवेदनहरु अनुसार आयोजनाले पारेको वातावरणीय तथा सामाजिक प्रभाव न्युनिकरणका उपाय तथा कार्यक्रमहरु कार्यान्वयन गर्न,वातावरणिय अनुगमन सम्बन्धि कार्यहरु गर्न, काबेली कोरिडोर १३२ के.भी. प्रसारण लाइन आयोजना र नेपाल विद्युत प्राधिकरण, वातावरण तथा सामाजिक अध्ययन विभाग बिच मिति २०६८/१/२५ मा सम्फौता  भइसकेको छ । आयोजनासंग भएको सम्फौता बमोजिम उपरोक्त कार्यहरु गर्न काबेली कोरिडोर वातावरण तथा सामाजिक व्यवस्थापन ईकाई कार्यालय ईलाम जिल्लामा मिति २०६९/११/०२ मा स्थापना गरि कार्य संचालनमा ल्याइएको छ ।

हाल यो प्रसारण लाइन आयोजना निर्माणाधीन अवस्थामा रहेको छ । यस आयोजनाको निर्माण कार्यको जिम्मा Jaguar Overseas तथा Aster JV private Ltd ले लिएका छन् । ठेकेदार कम्पनीले सम्पुर्ण प्रसारण लाईनको रेखांकन सम्बन्धी कार्य पूरा गरिसकेको छ । प्रसारण लाईनको रेखांकन बिभिन्न प्राविधिक, वातावरण तथा सामाजिक कारणले गर्दा पहिले गरेको सर्वेक्षण भन्दा केही फरक भएको छ । यही कारणले गर्दा सो प्रसारण लाईनको लम्बाई ८३.७४ कि.मी. बाट बढेर ९०.०१९ कि.मी भएको छ भने सबस्टेशन पांचथर जिल्लाको अमरपुर गा.वि.स को पिनासीघाटमा प्रस्ताव गरिएकोमा हाल सो स्थान परिवर्तन गरि सोही गा.वि.स. को दुबीचौरमा निर्माण गर्न प्रस्ताव गरिएको छ । तसर्थ प्रसारण लाईन

रेखांकनमा परिवर्तन भएका कारण फरक अध्ययन गर्न आवश्यक देखिएकाले ने.वि.प्रा. वातावरण तथा सामाजिक अध्ययन विभागले यो प्रतिवेदन तयार गरेको हो ।

मेची अञ्चलको काबेली कोरिडोर क्षेत्रमा धेरै जलविद्युत आयोजनाहरु विभिन्न स्तरमा सञ्चालनमा रहेका छन् । विद्युत विकास विभागका अनुसार ईलाम, पाँचथर र ताप्लेजुङ जिल्ला जम्मा १०९.१९ मे.वा. क्षमताका विभिन्न ८ आयोजनाहरु निर्माणाधीन अवस्थामा छन् । त्यसैगरि १२ जलविद्युत आयोजनाहरु (६००.५ मे.वा.) को निर्माण अनुमतिका लागि आवेदन परेका छन् भने ७ आयोजनाहरु ( १६०.१६ मे.वा.) को निर्माण अनुमति प्रभाह भईसकेको छ । त्यस्तै केही जलविद्युत आयोजनाहरु नेपाल सरकार आफैले पनि राखेको छ । यस अवस्थामा काबेली कोरिडोर क्षेत्रमा १००० मे.वा. भन्दा बढीका जलविद्युत आयोजनाहरु निर्माण गर्न सकिने सम्भाव्यता देखिन्छ ।

## २.० आयोजना सम्वन्धी विवरण

नेपालको पूर्वाञ्चल विकास क्षेत्र अर्न्तगत मेची तथा कोशी अञ्चल भएर जाने प्रस्तुत कावेली करिडोर १३२ के.भी. प्रशारण लाईन आयोजनाले मेची अञ्चलका ३ जिल्लाहरु (झापा, ईलाम र पाँचथर) तथा कोशी अञ्चलको एक जिल्ला तेह्रथुम लाई छुनेछ । यस आयोजनावाट ४ जिल्लाका २५ गा.वि.स.हरु ( तेह्रथुम र झापा को १/१ गा.वि.स.,पाँचथरको १० गा.वि.स. र ईलामको १३ गा.वि.स.) प्रभावित हुनेछन् ।

यो प्रसारण लाईनको लम्वाई ९०.०१९ कि.मी. रहेको छ । प्रस्तुत प्रसारण लाईन झापा जिल्लाको लखनपुर गा.वि.स.मा रहेको प्रस्तावित सव-स्टेशनबाट प्रारम्भ भई इलाम, पाँचथर, तेह्रथुम हुँदै पाँचथर जिल्लाको अमरपुर गा.वि.स.मा टुंगिने छ । यो प्रसारण लाइनको अधिकांश खण्ड पाँचथर, तेह्रथुम र इलाम जिल्लाको पहाडी क्षेत्रमा पर्दछ भने केहि खण्ड तराइ क्षेत्र (झापा जिल्ला) मा पर्दछ । प्रसारण लाइनको अधिकांश क्षेत्र कृषि योग्य जमिन पर्दछ । साथै, वन क्षेत्र, खोला तथा बाटो, वगर एवं अन्य प्रयोग विहिन जमिनलाइ पनि यस प्रसारण लाइनले छोएको छ ।

वातावरण तथा सामाजिक अध्ययन विभागबाट गरिएको नया सर्वेक्षण अनुसार नयाँ प्रशारण लाईन रुट ईलाम जिल्लाको बाँभ्फो गा.वि.स. को सिमाक्षेत्र भन्दा ५०० मि. टाढा भएर जान्छ भने सोही जिल्लाको फाकफोक गा.वि.स मा प्रसारण लाईनको कुनै टावरहरु निर्माण गरिने छैन । तसर्थ नया अध्ययन अनुसार यि दुबै गा.वि.स हरु प्रस्तुत प्रसारण लाईनका कुनै पनि टावरहरु निर्माण गरिने छैनन् ।

प्रस्तुत प्रसारण लाईन अर्न्तगत भ्फापा जिल्लाको लखनपुर गा.वि.स., इलाम जिल्लाको गोदक, पाँचथर जिल्लाको फिदिम र अमरपुरमा गरी जम्मा चारवटा सवस्टेशन निर्माण गरिनेछ । साथै, २५८ वटा टावर( भ्फापामा ११ वटा, इलाममा १५९ वटा, पांचथरमा ७४ वटा र तेह्रथुममा,१४ वटा) निर्माण गरिने छ (तालिका नं. २.१) ।

**तालिका नं. २.१: जिल्ला अनुसार निर्माण गरिने टावरहरु र प्रयोग हुने जग्गाको किसिम**

| जिल्ला | निजि खेती योग्य जमिन | सरकारी खेती योग्य जमिन | सामुदायिक वन | सरकारी वन | अन्य प्रयोग विहिन जग्गा | जम्मा |
|---|---|---|---|---|---|---|
| भ्फापा | ० | ० | १० | ० | १ | ११ |
| इलाम | ८९ | १७ | ३ | १४ | ३८ | १५९ |
| पांचथर | ४७ | १ | २ | २० | ४ | ७४ |
| तेह्रथुम | १० | ० | ० | ४ | ० | १४ |
| जम्मा | १४६ | १८ | १५ | ३८ | ४३ | २५८ |

**श्रोतः आयोजना,२०१४**

अन्तिम रेखांकन अनुसार यो प्रसारण लाईनको प्राविधिक पक्षका खासै परिवर्तन भएको छैन । प्राविधिक पक्ष मध्ये लम्बाइ करिव ६.२८ कि.मी थप भएको छ । त्यसैगरी, टावरको संख्या २८७ बाट घटाएर २५८ वटा कायम गरिएको छ । पाँचथर जिल्ला अमरपुर गा.बि.स.को पिनासेघाटमा सबस्टेशन निर्माण गर्ने प्रस्ताव गरिइकोमा हाल सो स्थान परिवर्तन गरि सोहि जिल्लाको अमरपुर गा.बि.स को दुबिचौरमा नयां सबस्टेशन निर्माण गरिने छ । दुबिचौरमा सबस्टेशन मार्फत भविष्यमा पाँचथर जिल्लामा उत्पादन हुने विद्युतलाइ राष्ट्रिय प्रशारणमा पुऱ्याउन सहयोग पुग्ने छ ।

यो प्रसारण लाईन डबल सर्किट, टावरको औसत उचाई ४५ मि. र टावरले ओगटेको क्षेत्र करिव ८१ वर्ग मिटर हुनेछ । दुई टावर बिचको दुरी ३३० मी. तथा विद्युत नियमावली २०५० अनुसार, प्रसारण लाइनको अधिकार क्षेत्र १८ मी. हुनेछ । प्रस्तुत आयोजनाको लागि ४ सवस्टेशनहरु लखनपुर (झापा), गोडाक (ईलाम), फिदिम (पाँचथर) तथा अमरपुर (पांचथर) निर्माणाधीन अवस्थामा रहेका छन् ।

### *२.१ आयोजनाको लागि आवश्यक पर्ने जग्गा*

यो प्रसारण लाईन आयोजनाको लागि जम्मा करवि १७४.८४ हेक्टर जमिन आवश्यक पर्दछ । जस मध्ये १०२.४४ हेक्टर खेति योग्ग जमिन, ४९.६० हेक्टर वन क्षेत्रको जग्गा र १५.८२ हेक्टर अन्य प्रयोग विहिन अवस्थाको जग्गा पर्दछ । साथै करवि ६.९८ हेक्टर जग्गा आयोजनाले अस्थाइ प्रयोजनको लागि प्रयोग गर्नेछ (तालिका नं. २.२) ।

**तालिका नं. २.२ : प्रसारण लाइनको लागि आवश्यक पर्ने जग्गा**

| **बिवरण** | **जग्गाको किसिम र प्रयोग** | | | | **जग्गा प्राप्तीको किसिम** |
|---|---|---|---|---|---|
| | **खेती योग्य जमिन(हे.)** | **वन क्षेत्र(हे.)** | **अन्य** | **जम्मा(हे.)** | |
| **१. सवस्टेशन** | | | | | |
| लखनपुर(झापा) | २.०९६ | ० | ० | २.०९६ | स्थायी |
| गोदक(इलाम) | १.५२५ | ० | ० | १.५२५ | |
| फिदिम(पांचथर) | ०.७५७ | ० | ० | ०.७५७ | |
| अमरपुर(पांचथर) | १.४५४ | ० | ० | १.५४५ | |
| **जम्मा (१)** | **५.८३** | **०** | **०** | **५.८३** | |
| **२. प्रसारण लाइन** | | | | | |
| टावरको लागि | ३.६७* | १.५३ | ०.२२ | ५.४१ | * ०.४५ हे. सरकारी तर ब्याक्तीले प्रयोग गरेको |
| प्रसारण लाइनको अधिकार क्षेत्र(१८मी.) | ९२.९४ | ४८.०८ | १५.६१ | १५६.६१ | |
| **जम्मा(२)** | **९६.६१** | **४९.६०** | **१५.८२** | **१६२.०३** | |

**श्रोतः आयोजना,२०१४**

## ३.० अध्ययन विधि

प्रस्तुत सामाजिक प्रभाव मुल्यांकन अध्ययनको लागि प्राथमिक तथा द्धितिय तथ्याङ्कहरुको प्रयोग गरिएको छ । प्राथमिक तथ्याङ्कहरु गुणात्मक तथा संख्यात्मक अनुसन्धान विधिबाट संकलन गरिएको छ ।

त्यसैगरि आयोजनाबाट प्रभावित परिवारको घरधुरी सर्वेक्षण (२१६ घरपरिवार-तालिका नं.:३.१), सरोकारवालाहरुको समुहगत छलफल (३८ स्थानहरु), बजार सर्वेक्षण, स्थलगत अध्ययन, स्थानीय जनतासंगको अर्न्तक्रिया (१०), विशेषज्ञहरुको राय सुझाव, स्थानिय तथा जिल्ला स्तरिय सरोकारबाला हरुसंगको अर्न्तक्रिया जस्ता विभिन्न अध्ययन बिधिहरु प्रयोग गरेर तथ्याङ्कहरु संकलन गरिएको छ ।

**तालिका नं. : ३.१ जिल्ला अनुसार सर्वेक्षण गरिएका घरघुरी संख्या**

| जिल्ला | सर्वेक्षण गरिएका घरघुरी | जम्मा | प्रतिशत |
|---|---|---|---|
| झापा | ५ | ५ | २.३१ |
| इलाम | ११४ | ११४ | ५२.७८ |
| पांचथर | ८५ | ८५ | ३९.३५ |
| तेह्रथुम | १२ | १२ | ५.५६ |
| जम्मा | २१६ | २१६ | १०० |

**श्रोतः सर्वेक्षण,२०१४**

प्रस्तुत प्रतिवेदन तयारीका लागि विज्ञहरुको टोलीद्धारा  स्थलगत अध्ययन गरिएको थियो । नेपाल सरकारले विभिन्न समयमा लिएको कानूनी प्रकृया, विश्व वैंकको वातावरण तथा सामाजिक सुरक्षा नीति, निर्देशिका तथा कार्यक्रमहरु आदी यस प्रतिवेदन तयारीको सर्न्दभमा प्रयोग गरिएका मुख्य श्रोतहरु हुन् ।

## ३.१ सरोकारवालाहरुसंगको छलफल तथा सुझावहरु

आयोजनाबाट पर्नसक्ने प्रभावको सम्बन्धमा स्थानिय सरोकारबालाहरुसंग गरिएको छलफलहरुमा निम्न सुझावहरु प्राप्त भएका थिए ।

- प्रभावित जग्गाका उचित क्षतिपूर्ती दिनुपर्ने,
- जिवनस्तर पुर्नस्थापना कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन हुनु पर्ने,
- रोजगारी सिर्जना,
- प्रसारण लाईनको रुट परिवर्तन गर्नुपर्ने,
- प्रभाव न्युनिकरणका उपायहरुको प्रभावकारी कार्यान्वयन हुनु पर्ने,
- पूर्वाधार तथा सामुदायिक विकास कार्यक्रमहरुको संचालन आदि  ।

## ३.२ गुनासो व्यवस्थापन

प्रस्तुत प्रतिवेदन तयार गर्दा सरोकारवाला व्यक्ति तथा संघ संस्थासंग वृहत छलफल गरिएको छ । स्थानीय व्यक्तिहरुद्वारा उठाईएका विषय तथा व्यक्त गरिएका चासोहरुमा मुख्य रुपले क्षतिपूर्ति, जीवनस्तर सुधारका कार्यक्रमहरुको संचालन, क्षति न्यूनीकरण/वातावरणीय अभिवृद्धि कार्यक्रमरुको संचालन, भौतिक संरचना तथा सामुदायिक सहयोग कार्यक्रमहरु आदि पर्दछन् । वहुसंख्यक क्षेत्रका व्यक्तिहरुद्वारा प्रसारण लाईन मार्ग प्रति सहमति रहेको छ ।

जग्गा तथा अन्य सम्पत्तीको क्षतिपूर्ति वितरण प्रक्रियामा उत्पन्न हुनसक्ने असहमति तथा आयोजनासंग अन्य वातावरणीय तथा सामाजिक गुनासोहरुको सुनुवाईको लागि एउटा गुनासो सम्वोधन संरचना स्थापना गरिने छ । यसको लागि काबेली करिडोर वातावरण तथा सामाजिक व्यवस्थापन ईकाइ कार्यालयमा गुनासो-दर्ता पुस्तिका खडा गरिनेछ । यसमा आयोजना प्रभावित तथा अन्य स्थानियहरुले पनि आयोजना सम्बन्धि कुनै पनि कार्य बाट आफूलाई पर्न गएको समस्याको सम्बन्धमा आफ्ना उजुरीहरु दिन पाउनेछन ।

## ४.० आयोजना प्रभावित गा.बि.स. हरुको सामाजिक तथा आर्थिक अवस्था

प्रस्तावित प्रसारण लाइन आयोजनाले झापा जिल्लाको एक गा.बि.स., इलाम जिल्लाका १३ गा.बि.स, पांचथर जिल्लाका १० गा.बि.स. र तेह्रथुम जिल्लाको एक गा.बि. स. लाई छोएको छ ।

राष्ट्रिय जनगणना २०११, अनुसार, आयोजना प्रभावित गा.बि.स. हरुको कुल जनसंख्या १,७८,२८७ रहेको छ । यो जनसंख्या आयोजना प्रभावित जिल्लाहरुको कुल जनसंख्याको (१२.८४%) हो । आयोजना प्रभावित गा.बि.स.हरुमा कुल घरधुरी संख्या ३९,१६० रहेको छ भने औसत प्रति परिवार सदस्य संख्या ४.५५ जना रहेको छ साथै लैङ्गीक अनुपात ०.९० रहेको पाईन्छ । सन् २००१ देखि २०११ सम्मको अवधीमा आयोजना प्रभावित गा.बि.स. हरुको कुल जनसंख्या (५.५६%) र घरधुरी संख्या (२३.८९%) ले वृद्धि भएको छ ।

आयोजना प्रभावित गा.बि.स हरुमा विभिन्न ४० प्रकारका पहाडी, तराई तथा मुलका जात/जातीहरुको बसोबास रहको छ । आयोजना प्रभावित जिल्लाहरुमा जस्तै प्रभावित गा.बि.स हरुमा करिब ( ६०.००%) जनसंख्या जनजाती समुदायहरु रहेको पाईन्छ । त्यसैगरी जनसंख्याको केहि हिस्सा दलित

तथा मुस्लीम समुदायहरु पनि रहेको छ । राष्ट्रिय जनगणना २०११, अनुसार, लिम्बु (२७.९४%), राई (१६.९५%), बाम्हण (१४.८०%), क्षेत्री (१०.९२%), तामाङ्ग (७.५६%), मगर (४.२९%), कामी (३.६१%), दमाई (२.१०%) र नेवार (२.५७%) रहेका छन् । त्यसै गरी, सार्की, राजवंशी, गुरुङ तथा ताजपुरीयाहरुको पनि बसोवास रहेको छ तर यिनिहरुको जनसंख्या कुल जनसंख्याको (१%) भन्दा कम रहेको छ ।

आयोजना प्रभावित गा.बि.स. हरुमा ५ वर्षभन्दा माथिको जनसंख्या मध्ये (७४.२६%) साक्षर रहेका छन् । यो साक्षरता दर समग्र नेपालको साक्षरता दर (६५.९०%) भन्दा धेरै रहेको छ ।

आयोजना प्रभावित गा.बि.स. हरुका करिव (५५.२४%) परिवारहरुले पाइपद्धारा वितरित खानेपानी प्रयोग गर्दछन् । साथै करिव (७९.८८%) परिवारहरुले दिसापिसाबको लागि शौचालयको वनाएको पाइन्छ । राष्ट्रिय जनगणना, २०११, अनुसार, करिव (८४.१०%) परिवारहरुले खाना पकाउनको लागि दाउरा प्रयोग गर्ने गर्दछन् भने (१०.२०%) ले ग्यांस, (३.१६%) वांयो ग्यास र (०.७५%) ले मट्टितेल प्रयोग गर्दछन् ।

आयोजना प्रभावित गा.बि.स. हरुमा आर्थिक रुपले सक्रिय (१५ देखि ५९ बर्ष) जनसंख्या (५९.४६%) रहेको छ । जस मध्ये (४४.४५%) पुरुष र (५५.४५%) महिला रहेका छन् । राष्ट्रिय जनगणना, २०११, १४ बर्ष मुनीको र ६० वर्ष भन्दा मथिको जनसंख्या क्रमश (३२.८२%) र (७.२६%) रहेको छ । यस क्षेत्रका मानिसहरुको मुख्य व्यवसाय कृषि, व्यापार, वैदेशिक रोजगार र दैनिक ज्यालादारी रहेको छ ।

## ४.१ आयोजना प्रभावित परिवारहरुको सामाजिक तथा आर्थिक अवस्था

प्रस्तुत प्रतिवेदनको यो अध्ययनले दुइ प्रमुख समुहलाई लक्षित गरेको छ । पहिलो समुह अन्तर्गत आदिवासी तथा जनजाति समुह र दोस्रो जोखिम समुदाय । जोखिम समुदाय अन्तर्गत दलित तथा महिला प्रमुख परिवारहरु पर्दछन् (तालिका नं. ४.१) ।

**तालिका नं. ४.१: प्रभावित परिवारहरुको वर्गिकरण**

| क्र.स. | प्रभावित परिवारहरुको वर्गिकरण | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|---|
| १.० | आदिवासी तथा जनजाति समुह | १३५ | ६२.५० |
| **२.०** | **जोखिम समुदाय** | | |
| २.१ | दलित | ४ | १.८५ |
| २.२ | महिला प्रमुख परिवार | ३६ | १६.६७ |
| ३.० | उपल्लो जाति | ४१ | १८.९८ |
| | **जम्मा** | **२१६** | **१००** |

**श्रोतः सर्वेक्षण,२०१४**

स्थलगत अध्ययन अनुसार आयोजनाबाट प्रभावित घरपरिवारहरुको संस्कृति, रीतिरिवाज तथा परम्परा पहिलेको अध्ययन भन्दा कुनै पनि प्रकारको परिवर्तन देखिदैन । तर धर्ममा भने केही जाती तथा क्षेत्रमा केहि मात्रामा परिवर्तन आएको पाइन्छ । बि.स. २०५८ को जनगणना अनुसार लिम्बु र राई समुदायहरुले हिन्दु धर्म मान्दै आएको देखिएको थियो तर हालै गरिएको स्थलगत अध्ययनमा धेरै हिन्दु धर्मालम्बीहरु किरात धर्ममा प्रवेश गरेको देखिन्छ ।

### *४.१.१ आदिवासी तथा जनजाति समुह*

नेपाल सरकारद्धारा आदिवासी तथा जनजातिहरुको सुचिमा सुचिकृत (राइ, लिम्बु,मगर,गुरुङ.,धिमाल,कुमाल,माभ्mी,तमाङ्ग,शेर्पा तथा नेवार आदी) जातिहरु आदिवासी तथा जनजाति समुह अन्तर्गत पर्दछन् । आयोजना प्रभावित परिवारहरु मध्ये (६२.५०%) आदिवासी तथा जनजातिहरु रहेका छन् ।

सर्बेक्षण गरिएका २१६ घरपरिवार मध्ये १३५ परिवारहरु आदिबासी तथा जनजाति वर्ग अन्तर्गत पर्दछन् । यस समुदायको जम्मा जनसंख्या ८१३ रहेको पाइन्छ । आदिबासी तथा जनजाति समुदायको जनसंख्या प्रभावित परिवारहरुको कुल जनसंख्याको (६२.५९%) रहेको छ । साथै औसत प्रति परिवार सदस्य संख्या ६.०० रहेको छ ।

आदिवासी तथा जनजाति समुदाहरुले खाना पकाउनलाई मुख्यतः दाउराको प्रयोग गर्दछन् । यसको अतिरिक्त गोबर ग्याँस र एल.पी. ग्याँस प्रयोग गर्नेको संख्या पनि रहेको छ । सर्वेक्षण अनुसार, करिब

(९३.८०%) घरधुरी दाउरामा निर्भर रहेको देखिएको छ । यसैगरी घरमा बत्तिको लागि विद्युतमा निर्भर रहने परिवार (६८.१५%) रहेका छन् भने मट्टितेल र सोलारमा निर्भर रहेने परिवार संख्या क्रमशः (२७.४१%) र (४.४४%) छन् । विद्युतमा निर्भर रहने यो प्रतिशत सन् २०१० मा गरिएको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन भन्दा करिब (३३.९१%) ले बृद्धि भएको हो ।

आीदबासी तथा जनजाति समुदायहरुको मुख्य पेशा कृषि तथा पशुपालन र ज्यालादारी हो तथापी वैदेशिक रोजगार, नोकरी, व्यापार गर्ने परिवारहरु पनि रहेका छन् । सर्वेक्षण गरिएका १३५ आदिवाशी/जनजातिको घरपरिवार मध्ये बर्षै भरि खाद्यान्न पर्याप्त हुने घरधुरीहरुको संख्या ४१ अर्थात (३०.३७ %) रहेको छ ।

सर्वेक्षण गरिएका ५ वर्षभन्दा माथिको जनसंख्याको साक्षरता दर (७७.८३%) रहेको छ यो साक्षरता दर राष्ट्रिय साक्षरता दर (६५.९०%) भन्दा बढी रहेको देखिन्छ । प्रस्तावित प्रसारण लाइनको नजिकका प्रायः बस्तीहरुमा स्कुलको सुविधा भएता पनि अपुग रहेको पाइन्छ । सर्वेक्षण गरिएका आदिवासी/जनजातिहरु मध्ये (१.७२%) औपचारिक क्षेत्रमा (कृषि वाहेक) रोजगारी गरिरहेका छन् । त्यसैगरी (७.९९%) सँग सिलाई बुनाई, डोको/नाङ्लो बुन्ने, विद्युत सम्बन्धी, सुडेनी जस्ता सीपहरु रहेको छ ।

आयोजनबाट प्रभावित आदिवासी/जनजातिहरु खानेपानीको लागि पाइपद्धारा बितरित पानी प्रयोग गर्ने (६८.८९%), रहेका छन् भने बाँकीले कुवा(६.६७%), ट्युवेल (१२.५९%) प्रयोग गर्दछन् । चर्पी रहेको घरधुरीको संख्या (९२.५९%) रहेको छ । पछिल्लो समयमा केही गा.वि.स.ले "खुल्ला दिशा मुक्त क्षेत्र"को घोषणा गरेका छन् । जसले गर्दा चर्पी रहेका घरपरिवारहरुको संख्यामा उल्लेखनीय वृद्धि भएको छ । प्रभावित गा.वि.स.हरुमा कूल २६ स्वास्थ्य संस्थाहरु रहेका छन् ।

### ४.१.२ जोखिम समुदाय

सामाजिक, आर्थिक तथा राजनैतिक रुपले पिछडिएका वर्ग नै जोखिम समुदाय हो । महिला प्रमुख परिवार, विद्युवा/ विधुर परिवार, अपाङ्गता भएका परिवार, एच.आइ.भी.एड्स पिडीत परिवार तथा दलित परिवार यस समुहमा पर्दछन् । सर्वेक्षण गरिएका घरधुरी मध्ये ४० घरपरिवारहरु यस समूह अर्न्तगत पर्दछन् ।

### *दलित :*

जोखिम समुदायमा पर्ने ४० घरपरिवारहरु मध्ये दलित परिवारको संख्या ४ रहेको छ । दलित परिवारहरुको कुल जनसंख्या २४ रहेको छ जुन प्रभावित परिवारहरुको (१.८५%) हो र दलितहरुको प्रति परिवार सदस्य संख्या ६.० रहेको छ। घरधुरी सर्भेक्षण अनुसार (८७.५०%) दलित साक्षर छन् भने (१२.५०%) निरक्षर छन् । सर्भेक्षण अनुसार प्रभावित दलित परिवार मध्ये कसैले पनि स्नातक वा त्यो भन्दा माथिको शिक्षा अध्ययन गरेका छैनन् ।

दलित समुदायहरुको मुख्य पेशा कृषि तथा पशुपालन र ज्यालादारी हो । सर्वेक्षण गरिएका ४ दलित घरपरिवार मध्ये (२५.००%) लाई ३-६ महिना, (५०.००%) लाई ९-९ महिना र (२५.००%) लाइ ९-१२ महिना खाद्यान्न संकट हुने देखिन्छ । कुनै पनि दलित परिवारलाइ बर्ष भरि खाद्यान्न पर्याप्त हुने देखिन्दैन ।

### *महिला प्रमुख परिवारहरुः*

जोखिम समुदाय अर्न्तगत पर्ने ४० परिवारहरु मध्ये ३६ परिवारहरु महिला प्रमुख रहेका छन् । महिला प्रमुख परिवारहरुको कुल जनसंख्या २०२ छ भने प्रति परिवार सदस्य संख्या ५.६ रहेको छ। आयोजना प्रभावित महिला प्रमुख परिवारहरुको कुल जनसंख्या मध्ये (५ बर्ष भन्दा माथिको जनसंख्या) औसत साक्षरता दर (७५.७९%) छ जुन आदिवासी/जनजाति समुदायहरुको औसत साक्षरता दर भन्दा कम हो। अन्य समूहका मानिसहरु जस्तै कृषि तथा पशुपालन नै यिनीहरुको मुख्य पेशा हो। यद्यपि वैदेशिक रोजगारी तथा नोकरीले पनि केही स्थान ओगटेको छ।

खाना पकाउनलाई इन्धनको रुपमा प्राकृतिक सम्पदामा बढी भार पर्दछ। खाना पकाउनलाई दाउराको प्रयोग गर्नेको संख्या (८३.३३%), वायो ग्यांस (२.७८%) र एल.पी. ग्यांस (१३.८९%) रहेको छ। बत्तिको लागि विद्युतको प्रयोग गर्ने (५५.५६%),मट्टितेल र सोलारमा निर्भर रहेने परिवार संख्या क्रमशः(४१.६७%) र (२.७८%) रहेका छन् ।

सर्वेक्षण गरिएका महिला प्रमुख परिवारहरु मध्ये बर्षै भरि खाद्यान्न पर्याप्त हुने घरधुरीहरुको संख्या १२ अर्थात (३३.३३ %) रहेको छ । त्यसैगरी (७.९३%) सँग सिलाई बुनाई, डोको/नाङ्लो बुन्ने, विद्युत सम्बन्धी, सुडेनी जस्ता सीपहरु रहेको छ । आयोजनबाट प्रभावित महिला प्रमुख परिवारहरु मध्ये

खानेपानीको लागि पाइपद्धारा बितरित पानी प्रयोग गर्ने (६३.८९%), रहेका छन् भने बाँकीले कुवा (११.११%), ट्युवेल (१३.८९%) प्रयोग गर्दछन् । चर्पी रहेको घरधुरीको संख्या (८३.३३%) रहेको छ ।

## ४.२. वजेटको ब्यावस्था

प्रस्तुत प्रतिवेदन कार्यान्वयनको लागि कूल लागत रू. १,००,००,०००/- लाग्नेछ । सुरक्षा तालिम तथा सचेतना कार्यक्रम, स्वास्थ्य तथा सरसफाई, समुदाय सहयोग कार्यक्रम यस लागतमा समावेश गरिएको छ । यो प्रतिवेदन तयार गर्दा विभिन्न कार्यक्रमको प्रस्ताव गरिएको थियो तर ती कार्यक्रम कार्यान्वयनको लागि यसमा समावेश गरिएको छैनन् ।

## ४.३ आयोजना बाट पर्न सक्ने प्रभाव र न्यूनिकरणका उपायहरु

प्रस्तावित प्रसारण लाइन आयोजना कार्यन्यवयन गर्दा पर्न सक्ने प्रभावहरु र यसलाई न्युनिकरण गर्न सकिने उपायहरुलाई निम्म तालिकामा प्रस्तुत गरिएको छ (तालिका नं. ४.२)

**तलिका नं. ४.२ : आयोजना प्रभावित क्षेत्रको विद्यमान अवस्था, आयोजना बाट पर्न सक्ने प्रभाव र न्यूनिकरणका उपायहरु**

| क. सं | विद्यमान अवस्था | आयोजनाबाट पर्न सक्ने प्रभाव | न्यूनिकरणका उपायहरु | कैफियत |
|---|---|---|---|---|
| **१ रोजगारी तथा अर्थब्यवस्था** | | | | |
| | • आयोजना प्रभावित परिवार मध्ये (५४.०६%) कृषिमा आश्रित तथा पशुपालन पनि ब्यावसाय तथा पेशा रहेको ।<br>• केहि मानिसहरु प्रहरी र आर्मी र सरकारी कार्यालयमा पनि कार्य गर्ने ।<br>• बैदेसिक रोजगार पनि अम्दानीको श्रोत ।<br>• धान,कोदो,गहु तथा मकै मुख्य खाद्यवालिहरु र अलैची तथा चिया खेती नगदे वालिहरु हुने । | • प्रसारण लाइन निर्माणका क्रममा ज्यामी तथा कामदारहरुको आगमनले स्थानिय क्षेत्रको अर्थब्यवस्था,सेवा तथा सुविधा र पुर्वाधारहरुमा प्रभाव पर्न सक्ने ।<br>• प्रसारण लाइनको अधिकार क्षेत्र र यसका लागि आवश्यक पर्ने जमिनका कारण आर्थिक रुपले क्षति हुन सक्ने र यसले जिवन यापनमा परिवर्तन हुन सक्ने । | • संम्भव भए सम्म आयोजनामा प्रभावित क्षेत्रका मानिसहरुलाइ रोजगारीका लागि प्राथमिकता दिइने ।<br>• रोजगारीका लागि सिपमुलक तालिमको आवश्यकता पर्दछ । यसका लागि प्रतेक गा.वि.स.बाट पतिनिधित्व हुने गरि आयोजनकबाट प्रत्यक्ष प्रभावित ६३ परिवारहरुलाइ सिपमुलक तालिम दिइने ।<br>• स्थानिय क्षेत्रको अर्थब्यवस्था,सेवा तथा सुविधा र पुर्वाधार क्षेत्रमा पर्न सक्ने प्रभावलाइ न्युन गर्न रोजगारीका लागि स्थानियहरुलाई अधिकतम प्रयोग गरिने ।<br>• आयोजना तथा कामदारहरुले दैनिक रुपमा प्रयोग गर्ने उपभोग्य वस्तुहरु उत्पादन गर्न पोत्साति गरिने । | • प्रसारण लाइन आयोजना, जलविद्युत आयोजना भन्दा फरक प्रकृतिको हुने हुनाले यसमा प्राप्त हुने रोजगारीका अवसरहरु थोरै र कम समयका लागि मात्र हुने छन् ।<br>• नगदे वालिवाट स्थानिहरुको आयस्तर बढाउन सहयोग पुग्ने देखिन्छ । आयोजना क्षेत्रका लिम्बु तथा राइ जातिहरुको मुख्य आय श्रोत नै नगदे वालि हो । |

| | | | | |
|---|---|---|---|---|
| | • दैनिकज्यालादारी,कारपेन्टर तथा सानो खुद्रा ब्यापार आम्दानीका सहायक श्रोतहरु ।<br>• प्रसारण लाइनको संरचना निर्माण गरिने क्षेत्रमा सामाजिक, आर्थिक तथा राजनैतिक रुपले पिछडिएका वर्ग (दलित) तथा महिला प्रमुख परिवारहरु करिव(१८.०%) रहेका । | | • कामदारहरु बस्ने अस्थायी क्यम्पमा स्थानियले प्रयोग गर्ने पानिका धाराहरु प्रयोग नगरिने । यसका लागि छुटै ब्यावस्था गरिने । | |
| २. **जमिनको प्रयोग, उत्पादन हुने वाली तथा वन क्षेत्र** | | | | |
| | • औसत प्रति परिवार रहेको जमिन कम भएकाले सर्वेक्षण गरिएका अधिकांश परिवारको प्रमुख पेशा कृषि भएता पनि वर्षभरिलाई खाद्यान्न अपुग हुने ।<br>• प्रसारण लाइनको जम्मा टावरहरु मध्ये ६३.५७% खेति योग्य जमिनमा निर्माण गरिने । | • १६४ वटा टावरहरु र ४ वटा सवस्टेसन निर्माणका लागि निजि तथा खेती योग्य जमिन स्थायी रुपमा अधिग्रहण गरिने ।<br>• प्रसारण लाइनको १८ मी. अधिकार क्षेत्र भित्र जमिनको प्रयोगमा सामान्य परिवर्तन हुन सक्ने ।<br>• प्रसारण लाइनको १८ मी. अधिकार क्षेत्र भित्र एउटा घर पर्ने र यसलाई स्थानान्तर गरिनु पर्ने ।<br>• प्रसारण लाइनको १८ मी. अधिकार क्षेत्र भित्र पर्ने अग्ला रुखहरु कटान गरिने ।<br>• प्रसारण लाइनको १८ मी. अधिकार क्षेत्र भित्र निर्माणका समयमा केहि खाद्यान्न वाली क्षति हुन सक्ने ।<br>• प्रसारण लाइनको निर्माण अवधीमा अस्थाई प्रयोजनका लागि प्रयोग गरिने जमिन नियम अनुसार भाडामा लिइने । | • स्थायी रुपमा अधिग्रहण गरिने निजि खेती योग्य जमिनका लागि प्रतिस्थापन मूल्यमा मुआब्जा प्रदान गरिने ।<br>• टावरहरु निर्माणका क्रममा ३.६७ हे. र सवस्टेशनका लागि ५.८३ हे. खेती योग्य जमिन मध्ये सवस्टेशनमा पर्ने जमिनको मुआब्जा दिएको र टावरमा पर्ने जमिनको मुआब्जा प्रक्रियामा रहेको ।<br>• बाली भित्राउन नपाउँदै बाली क्षति भएको अवस्थामा क्षति अनुरुप क्षतिपूर्ति उपलब्ध हुने ।<br>• प्रसारण लाइनको १८ मी. अधिकार क्षेत्र भित्र जमिनको प्रयोगका कारण खेती गर्न वाधा नपुग्ने ।<br>• प्रसारण लाइनको १८ मी. अधिकार क्षेत्र भित्रपर्ने ९२.९४ हे. खेती योग्य जमिनको लागि प्रत्येक जिल्लामा मुआब्जा निर्धारण समिति वन्ने छ । संबन्धीत जग्गावालालाई यसै समितिद्वारा निर्धारित दर अनुसारको मुआब्जा उपलब्ध गराइने छ ।<br>• प्रसारण लाइनको १८ मी. अधिकार क्षेत्र भित्रपर्ने संरचनाको लगि संरचनाले ओगटेको जमीनको क्षतिपूर्ति,प्रतिस्थापन मूल्यमा घरको प्रकार अनुसार नगद क्षतिपूर्ति, विस्थापन भत्ता, स्थानान्तरण खर्च र यातायात खर्च दिइने ।<br>• पुनर्वास कार्य योजनामा उल्लेखित आवश्यकता | • प्रसारण लाइनको १८ मी. अधिकार क्षेत्र भित्रपर्ने एउट परिवरलाई स्थाननतर गरिने ।<br>• पुनःस्थापनामा सहयोग तथा पुनर्वास कार्य योजना कार्यन्वयन गर्न स्थानिय मानिसहरु मार्फत स्थानिय गैर सरकारी संघ सस्थाहरु परिचालन गर्न आवश्यक देखिएको ।<br>• प्रसारण लाइनको लागि आवश्यक पर्ने जमीनको क्षतिपूर्ति र प्रसारण लाइनको १८ मी. अधिकार क्षेत्र भित्रपर्ने संरचनाका लागि पुनर्वास कार्य योजनामा उल्लेख भए बमोजिमको राहत उपलब्ध हुने । |

| | | | | |
|---|---|---|---|---|
| | | | अनुसार सिपमुलक तालिम दिइने ।<br>• नेपाल सरकारको निर्णय तथा वन क्षेत्रको जग्गा अन्य प्रयोजनको लागि उपलब्ध गराउने निर्देशिका, २०६३ अनुसार आयोजनाले एक रुख काटेवापत दुई रुख अनिवार्य वृक्षारोपण गर्नेछ ।<br>• सामुदाकि वन उपभोक्ता समितिहरुलाई गैह् काष्ठ प्रजातिका विरुवा उत्पादन सम्बन्धी तालिम दिइने | |
| **३.खाद्यान्नको पर्याप्तता** | | | | |
| | • आयोजना निर्माण गर्दा प्रभावित परिवारहरु मध्ये खाद्यान्न अपुग हुने परिवार संख्या (६८.०६%) रहेका छन ।<br>• खाद्यान्न अपुग हुने परिवार मध्ये (२८.५७%) ३-६ महिना,(४६.९४%) ६-९ महिना, (१४.२९%) ९-११ महिना र(१०.२५%) ३ महिना भन्दा कम समयलाइ खाद्यान्न समस्या हुने देखाएको छ । | • आयोजना निर्माणका क्रममा आवश्यक कर्मचारी तथा कमदारहरले स्थानिय खाद्य सामग्री प्रयोग बढी मत्रामा गर्ने हुनाले खाद्यान्नको माग बढ्न सक्ने । | • आयोजना निर्माणका क्रममा क्षति हुने खाद्यान्न वाली, नगदे वाली तथा अन्य वालीको क्षति अनुसारको क्षतिपर्ति दिइने ।<br>• कृषि उत्पदकत्व वृद्धि गर्न प्रभावित परिवारहरुलाई कृषि सम्बन्धी तालिम तथा आय आर्जनमा वृद्धि गर्न पशुपालन सम्बन्धी तालिम दिइने । | • प्रभावित परिवारहरुको जमिनमा कृषि उत्पदकत्व वृद्धि गर्न पुनवार्स कार्य योजनामा उल्लेखित तालिम दिइने ।<br>• संम्भव भए सम्म आयोजनामा प्रभावित क्षेत्रका मानिसहरुलाइ रोजगारीका लागि प्राथमिकता दिइने । |
| **४. वातावरण** | | | | |
| | • स्थानिय क्षेत्रको सामाजिक,आर्थिक तथा भैतिक वातावरणमा वाह्य प्रभाव नपरेको ।<br>• वातावरणसंग सम्बन्धीत स्थानिय वातावरणीय सामान्य समस्यहरु विद्यमान रहेका तर उल्लेखनिय प्रभाव भने नपरेको । | • प्रसारण लाइन निर्माणका क्रममा टेलिफोन लाइन तथा विद्युत वितरण लाइनलाई असर पर्न सक्ने ।<br>• वाह्य कामदारहरुको आगमनले वातावरणीय दृष्टिकोणले प्रभाव पर्न सक्ने ।<br>• प्रसारण लाइन निर्माण तथा गतिविधिले स्थानिय श्रोत साधनमा प्रभाव पर्न सक्ने ।<br>• स्थानिय पर्यटकिय तथा सैन्दर्यीक क्षेत्रमा पनि सामान्य प्रभाव पर्न सक्ने । | • प्रसारण लाइन निर्माणका क्रममा टेलिफोन लाइन तथा विद्युत वितरण लाइनलाई पर्न सक्ने असरका वारेमा उपभोक्तहरुलाई पुर्व सुचना दिइने<br>• सेवा अवरोध भएमा चाडो भन्दा चाडो निर्माणका लागि पहल गर्ने ।<br>• आयोजनामा कार्यरत कामदरहरुलाई खाना पकाउनको लागि दाउरा प्रयोग गर्न रोक लगाइने।<br>• आयोजनामा कार्यरत कामदरहरुलाई आवासका लागि सम्भव भए सम्म सरकारी तथा सार्वजनिक जग्गा प्रयोग गरिने ।<br>• प्रसारण लाइन निर्माणका क्रममा स्थानिय श्रोत तथा साधन क्षति भएमा प्रचलित मुल्य बराबरको क्षतिपुर्ति दिइने । | |

| | | | | |
|---|---|---|---|---|
| | | | • प्रसारण लाइन निर्माणका क्रममा आवश्यक सामग्रीहरु स्थानिय सौर्न्दयिक क्षेत्रलाइ असर नपर्ने गरी ब्यबस्थापन गरिने । <br>• टावर निर्माण लागि खन्ने कार्य गर्दा वातावरण तथा स्थानिय सौर्न्दयिक क्षेत्रलाइ प्रभाव नपारिने । <br>• प्रसारण लाइन निर्माणका क्रममा कटान गरिएका रुखहरु सामुदायिक वन उपभोक्ता समितिलाई हस्तान्तरण गरिने । <br>• प्रसारण लाइन निर्माण गरिने क्षेत्र आसपासमा बृक्षारोपण गर्दा जिल्ला वन कार्यालय तथा सामुदायिक वन उपभोक्ता समितिसंग समन्वय गरिने । | |
| **५.स्वास्थ्य तथा सरसफई** | | | | |
| | • स्थानिय समुदायहरु सामुदायिक तथा ब्याक्तीगत सरसफाइमा चेतना रहेको । <br>• प्रभावित परिवारहरु मध्ये (७०.३७%) ले स्वच्छ खानेपानी प्रयोग गरेका । <br>• प्रभावित परिवारहरु मध्ये (९०.२८%) ले दिशा पिसावका लागि चर्पिको प्रयोग गरेका । <br>• स्वास प्रस्वास, झाडापखाला, उच्च रक्तचाप,मधुमेह, मुटु सम्बन्धी समस्या, छाला सम्बन्धी रोग तथा महिलाको लागि पाठेघर खस्ने समस्या आदी यस क्षेत्रमा देखा पर्ने मुख्य रोगहरु । | • आयोजनाका कर्मचारी तथा कमदारहरुले खानेपानीका लागि स्थानिय धारा तथा पानीका श्रोतहरु प्रयोग गर्न सक्ने, <br>• कामदारहरुको पेशागत स्वस्थ्यमा प्रभाव पर्न सक्ने । | • आयोजना निर्माण अवधी भर स्थानिय स्तरमा प्रयोग गरिने पानीका श्रोतहरु स्थानियलाई असर नपर्ने गरि प्रयोग गरिने । <br>• आयोजनाका कमदारहरुलाई प्रशिक्षण दिइने । निर्माण कार्य भइरहेको क्षेत्रमा नियमित अनुगमन गरिने । <br>• कामदारहरुका लागि प्राथमिक स्वस्थ्य उपचार सामग्रीहरु निर्माण स्थलमा उपलब्ध गराइने । <br>• आयोजना निर्माणका क्रममा हुने र हुन सक्ने सम्भावित दुघटनाबाट बच्न स्वास्थ्य तथा सुरक्षा सम्बन्धी योजना वनाइ कार्यन्वयन गरिने । <br>• स्वस्थ्य कामदारहरुलाई मात्र निर्माण कार्यमा लगाइने । <br>• कामदारहरु बस्ने आवास क्षेत्रमा चर्पीको निर्माण गरिने र उत्पन्न हुने फोहोरको उचित ब्यावस्थापन गरिने । <br>• उच्च क्षमताको प्रसारण लाइन र यसले पर्न सक्ने प्रभावका विषयमा स्थानिय स्तरमा चेतनामुलक कार्य सन्चालन गरिने । <br>• अति संवेदनसिल क्षेत्रमा सुरक्षात्मक एवं सन्देस मुलक होल्डीङ्ग बोर्डहरु राखिने । | धेरैजसो समुदायहरुमा स्वस्थ्य सम्बन्धी चेतना र रोगहरुवाट बच्ने उपायहरुको बारेमा चेतना रहेको पाइयो । <br>वातारण तथा सामाजिक अध्ययन विभागले चेतनामुलक कार्यक्रमहरु सन्चालन गरिरहेको । <br>केहि अति संम्वेदनसिल क्षेत्रमा सुरक्षात्मक एवं सन्देस मुलक होल्डीङ्ग बोर्डहरु राखिएको र आगामी दिनमा यसलाई नियमित गरिने । |
| **६. शिक्षा** | | | | |
| | • तहगत शिक्षाको अवस्था | • आयोजना निर्माणका क्रममा | • प्रभावित क्षेत्रका विद्यालयहरुलाई विद्यालय सहयोग | |

| | | | | |
|---|---|---|---|---|
| | मध्यम रहेको ।<br>• आयोजना प्रभावित परिवारमा करिव २२.०६% निरक्षर र ७७.९४% साक्षर रहेको ।<br>• शैक्षिक सुविधा तथा अवसरहरु कम रहेका ।<br>• स्वास्थ्य सम्बन्धी शिक्षाको अभाव रह्को । | शिक्षा क्षेत्रमा न्युन प्रभाव पर्ने । | कार्यक्रम संचालन गरिने । | |
| **७. सामाजिक, सास्कृतिक मुल्य तथा मान्यताहरु** | | | | |
| | • परम्परागत सामाजिक तथा सास्कृतिक मुल्य तथा मान्यताहरु विद्यमान रहेका ।<br>• परम्परागत सामाजिक तथा सास्कृतिक मुल्य तथा मान्यताले ग्रामिण क्षेत्रमा सुरक्षा ब्यावस्था मजवुत वनएको । | • आयोजना निर्माणका क्रममा स्थानिय शान्ति सुरक्षामा तथा परम्परागत सामाजिक तथा सास्कृतिक मुल्य तथा मान्यताहरुमा अप्रत्यक्ष प्रभाव पर्न सक्ने । | • स्थानिय क्षेत्रका शान्ति सुरक्षा कायम राख्न सहयोग गर्ने अधिकारीहरुलाई आयोजना निर्माण स्थल, काम गर्ने समय तथा योजनाका बिषयमा नियमित अवगत गराइने ।<br>• ठेकेदार कम्पनी तथा आयोजनामा काम गर्ने कमदारहरुलाई स्थानिय क्षेत्रको परम्परागत सामाजिक तथा सास्कृतिक मुल्य तथा मान्यताहरुको सम्मान गर्न प्रशिक्षण दिइने ।<br>• आयोजनामा काम गर्ने कमदारहरुलाई विहान ७ बजे अगाडी र बेलकी ६ बजे पछि निर्माण कार्य वाहेक अन्य कार्यमा बिना सुचना आवास वहिर नजान नियमित सुचित गरिने ।<br>• आयोजनामा काम गर्ने कमदारहरुलाई अनुमति बिना कुनै पनि ब्याक्तीको घरमा प्रवेश नगर्न सुचित गरिने । | |

# *नेपाल विद्युत प्राधिकरण*

काबेली कोरिडोर १३२ के.भी. प्रसारण लाईन

## *पुनर्वास कार्य योजना*

**तयार गर्ने**


वातावरण तथा सामाजिक अध्ययन विभाग

खरिपाटी, भक्तपुर


२०७१

# *विषय सुची*


| क.सं. | | पेज नं. |
|---|---|---|
| १.० | पृष्ठभूमि | १ |
| २.० | आयोजना सम्बन्धी विवरण | २ |
| ३.० | आयोजनाबाट प्रभावित हुने परिवारहरुको विवरण | २ |
| ४.० | टावर र सव-स्टेशनको पुनर्वास कार्ययोजना | ३ |
| ४.१ | अध्ययन विधि | ३ |
| ५. ० | प्रभाव मूल्यांकन | ४ |
| ५.१ | जग्गा अधिग्रहण | ४ |
| ५.२ | व्याक्तिगत संरचना तथा सार्वजनिक सम्पतिको क्षति | ४ |
| ५.३ | नीति पुनरावलोकन | ५ |
| ६.० | आयोजनाको लागि जग्गा प्राप्ति तथा प्रभाव न्यूनीकरणका आधारहरु | ५ |
| ६.१ | जग्गा प्राप्ति तथा पुनर्वास उत्तरदायित्व | ६ |
| ७.० | प्रभाव न्यूनीकरण | ६ |
| ७.१ | आयोजनाको पुनर्वास कार्य सम्बन्धी राहत वितरण खाका | ७ |
| ८.० | संस्थागत व्यवस्था | ७ |
| ९.० | वजेटको व्यवस्था र कार्यान्वयन अवधि | ८ |
| १०.० | अनुगमन | ८ |
| ११.० | मुआब्जा तथा क्षतिपुर्तिकाआधारहरु | ९ |


## *यस प्रतिवेदनमा प्रयोग भएका तालिकाहरु*


***तालिका नं. : ३.१ जिल्ला अनुसार सर्वेक्षण गरिएका घरघुरी संख्या***

***तालिका नं. ४.१ : प्रसारण लाईनको लागि स्थायी रुपमा अधिग्रहण गरिने खेती योग्य जमिन***

***तलिका नं. ११.१ : मुआब्जा तथा क्षतिपूर्ति वितरणका आधारहरु (जग्गाको स्वामित्व भएकाहरुका लागि)***

***तलिका नं. ११.२: मुआब्जा तथा क्षतिपूर्ति वितरणका आधारहरु (जग्गाको स्वामित्व नभएकाहरुका लागि)***

## १.० पृष्ठभूमि

नेपालमा उर्जाको माग क्रमिक रुपमा वृद्धि भइरहेको छ । हाल सन्चालन भइरहेका जलविद्युत आयोजनाहरुबाट उत्पादित विद्युतले माग अनुसार आपुर्ति हुन नसकेको कारण विगत केही वर्ष देखि विद्युत संकट भई दैनिक १२ घण्टा भन्दा वढी लोडसेडिङ्ग भईरहेको छ । नियमित विद्युत आपूर्ति नहुंदा उत्पादन क्षेत्र, सेवा क्षेत्र लगायत सम्पूर्ण विकास क्षेत्रमा नकारात्मक प्रभाव परेको छ ।

एकिकृत उर्जा प्रणालीको विद्युत प्रशारण संजाल सुदृढिकरण गर्नका लागि नेपाल विद्युत प्राधिकरणले १३२ के.भी. क्षमताको दमक-कावेली प्रशारण लाईन निर्माण गरिरहेको छ । यो प्रशारण लाइन निर्माण पश्चात पूर्वी नेपालको उत्तरी क्षेत्र (तेह्रथुम, पाँचथर, इलाम जिल्ला)मा उत्पादित विद्युतलाइ सहज रुपमा वढि माग भएको क्षेत्रमा पुऱ्याउन सहयोग पुग्नेछ । विश्व बैंकको सहयोगमा निर्माण भइरहेको यो प्रसारण लाइन आयोजना जुलाई, २०१५ सम्ममा सम्पन्न गरिने लक्ष्य रहेको छ ।

## २.० आयोजना सम्बन्धी विवरण

प्रस्तावित प्रसारण लाईन आयोजनाले पूर्वाञ्चल विकास क्षेत्रका चार जिल्लाहरु झापा, इलाम, पाँचथर र तेह्रथुम जिल्लालाई छोएकोछ । यो प्रसारण लाईनको लम्वाई ९०.०१९ कि.मी. रहेको छ । प्रस्तुत प्रसारण लाईन झापा जिल्लाको लखनपुर गा.वि.स.मा रहेको प्रस्तावित सव-स्टेशनबाट प्रारम्भ भई इलाम, पाँचथर, तेह्रथुम हुँदै पाँचथर जिल्लाको अमरपुर गा.वि.स.मा टुंगिने छ । यस आयोजनाबाट २५ गा.वि.स.हरु (पाँचथर-१०, तेह्रथुम-१, इलाम-१३ र झापा-१) प्रभावित हुनेछन् । यो प्रसारण लाइनको अधिकांश खण्ड पाँचथर, तेह्रथुम र इलाम जिल्लाको पहाडी क्षेत्रमा पर्दछ भने केहि खण्ड तराइ क्षेत्र (झापा जिल्ला) मा पर्दछ । प्रसारण लाइनको अधिकांश क्षेत्र कृषि योग्य जमिन पर्दछ । साथै, वन क्षेत्र, खोला तथा बाटो, वगर एवं अन्य प्रयोग विहिन जमिनलाइ पनि यस प्रसारण लाइनले छोएको छ ।

यो प्रसारण लाईन डबल सर्किट, टावरको औसत उचाई ४५ मि. र टावरले ओगटेको क्षेत्र करिव ८१ वर्ग मिटर हुनेछ । दुई टावर बिचको दुरी ३३० मी. तथा विद्युत नियमावली २०५० अनुसार, प्रसारण लाइनको अधिकार क्षेत्र १८ मी. हुनेछ ।

यो प्रसारण लाईन अर्न्तगत झापा जिल्लाको लखनपुर गा.वि.स., इलाम जिल्लाको गोदक, पाँचथर जिल्लाको फिदिम र अमरपुरमा गरी जम्मा चारवटा सवस्टेशन निर्माण गरिनेछ । साथै, २५८ वटा टावर( झापामा ११ वटा, इलाममा १५९ वटा, पांचथरमा ७४ वटा र तेह्रथुममा,१४ वटा) निर्माण गरिने छ । अन्तिम रेखांकन अनुसार यो प्रसारण लाईनको प्राविधिक पक्षका खासै परिवर्तन भएको छैन । प्राविधिक पक्ष मध्ये लम्बाइ करिव ६.२८ कि.मी थप भएको छ । त्यसैगरी, टावरको संख्या २८७ बाट घटाएर २५८ वटा कायम गरिएको छ । पाँचथर जिल्ला अमरपुर गा.बि.स.को पिनासेघाटमा सबस्टेशन निर्माण गर्ने प्रस्ताव गरिइकोमा हाल सो स्थान परिवर्तन गरि सोहि जिल्लाको अमरपुर गा.बि.स को दुबिचौरमा नयां सबस्टेशन निर्माण गर्न प्रस्ताव गरिएको छ । दुबिचौरमा सबस्टेशन मार्फत भविष्यमा पाँचथर जिल्लामा उत्पादन हुने विद्युतलाइ राष्ट्रिय प्रसारणमा पुऱ्याउन सहयोग पुग्ने छ ।

## *३.० आयोजनाबाट प्रभावित हुने परिवारहरुको विवरण*

प्रस्तुत आयोजनाबाट प्रभावित हुने २२२ परिवारहरु मध्ये २१६ परिवारहरुको घरधुरी सर्वेक्षण गरिएको छ । घरधुरी सर्वेक्षण गरिएका २१६ परिवारको जनसंख्या १२९९ रहेको छ जसमध्ये ९६० जनजाति, २९, दलित र ३१० माथिल्लो जाति रहेका छन् । आयोजना प्रभावित परिवारहरुको प्रति परिवार सदस्य संख्या ६.०१ जना रहेको छ जुन आयोजना प्रभावित जिल्लाको प्रति परिवार सदस्य सख्या (४.५४) तथा गा.वि.स हरुको प्रति परिवार सदस्य सख्या (४.५५) भन्दा बढी रहेको छ ।

मुख्यतः किराँत, हिन्दु, बौद्ध तथा क्रिस्चियन धर्म मान्ने परिवारहरुको वर्चश्व रहेको छ । सर्वेक्षण अनुसार किराँत (४३.९८%), हिन्दु (३२.८७%), बौद्ध (२१.०३%) र क्रिस्चियन (१.८५%) रहेका छन । सर्वेक्षण गरिएका ५ वर्षभन्दा माथिको जनसंख्या मध्ये (७७.९४%) साक्षर रहेका छन् । सर्वेक्षण गरिएका घरधुरीहरुको औसत साक्षरता दर प्रभावित गा.वि.स.हरुको औसत साक्षरता दर ( ७४.२६%) भन्दा बढि रहेको छ ।

आयोजना प्रभावित परिवारहरु मध्ये (६४.३५%) विद्युतीकरण भएको छ । खाना पकाउनको लागि अधिकांश परिवारहरुले दाउराको प्रयोग गर्दछन् । दाउराको प्रयोग (८८.८९%) परिवारले गर्ने देखिन्छ भने अन्य श्रोतहरुमा एल.पी. ग्याँस (७.४१%) तथा वायो ग्याँस (२.७८%) ले प्रयोग गर्ने गरेको देखिन्छ । आयोजना प्रभावित परिवारहरु मध्ये करिब (३५.६५%) घरधुरीमा विद्युतीकरण

नभएको पाइयो । साथै (९०.२८%) परिवारहरुले चर्पीको प्रयोग गर्ने गरेका छन् जसमध्ये (४१.०३%) ले पक्की चर्पी (स्थायी) को निर्माण गरेका छन् ।

आयोजना प्रभावित परिवारहरुको मुख्य व्यवसायमा कृषि, व्यापार, वैदेशिक रोजगार र दैनिक ज्यालादारी रहेको छ । सर्वेक्षण गरिएका १५-५९ वर्ष बिचको जनसंख्या मध्ये (५४.०६%) कृषि, (४.१२%) व्यापार, (४.१२%) वैदेशिक रोजगार र अन्य दैनिक ज्यालादारीमा निर्भर रहेका छन् । घरधुरी सर्भेक्षण अनुसार औसत १.२३ हेक्टर जमिन प्रति परिवार रहेको देखाएको छ । धान, गहुँ, मकै, कोदो र गेडागुडी लगायतका खाद्यान्न वाली तथा नगदेवालीको खेती प्रभावित परिवारले गर्ने गर्दछन् । यसका साथै पशुपालन गर्ने परिवार पनि प्रशस्त मात्रामा रहेको देखियो जसले कृषिलाई प्रमुख पेशा बनाएका छन् । सर्वेक्षण गरिएका अधिकांश परिवारको प्रमुख पेशा कृषि भएता पनि वर्षभरिलाई खाद्यान्न अपुग रहेको पाइयो । खाद्यान्न अपुग हुने परिवार संख्या (६८.०६%) रहेका  छन । खाद्यान्न अपुग हुने परिवार मध्ये (२८.५७%) ३-६ महिना,(४६.९४%) ६-९ महिना, (१४.२९%) ९-११ महिना र (१०.२५%) ३ महिना भन्दा कम समयलाइ खाद्यान्न समस्या हुने सर्भेक्षणले देखाएको छ ।

सर्भेक्षण अनुसार प्रभावित परिवारहरु मध्ये १८ परिवार जग्गाको स्वामित्व नभएका र सरकारी जग्गामा स्थायी बसोवास गरेको पाईयो । यि मध्ये (५.५६%) पाँचथर जिल्लाको चिलिंदीन गा.बि.स.मा पर्दछन भने बांकी इलाम जिल्लाको बिभिन्न गा.बि. स.हरुकमा बसोवास गरेका छन् । जग्गाको स्वामित्व नभएका तर प्रभावित परिवारहरु मध्ये (९४.४४%) जनजाति समुह अर्न्तगत पर्दछन् । यिनिहरुको प्रति परिवार औसत १.११ हेक्टर जमिन रहेको सर्भेक्षणले देखाएको छ । कृषि, व्यापार, वैदेशिक रोजगार र दैनिक ज्यालादारी ऊनिहरुको मुख्य पेसा रहेको देखिन्छ ।

## ४.० टावर र सव-स्टेशनको पुनर्वास  कार्ययोजना

### *४.१ अध्ययन विधि*

वातावरण तथा सामाजिक अध्ययन विभागद्वारा परिमार्जित पुनर्स्थापना कार्ययोजना तयार गर्ने उदेस्यले वहुआयामिक विशेषज्ञहरुको २ समूहलाई आयोजना क्षेत्रमा खटाइएको थियो । प्रस्तावित प्रसारण लाइन आयोजनाको कार्यान्वयनले २२२ परिवारहरुलाई प्रत्यक्ष प्रभाव पार्नेछ जसमध्ये सवस्टेशन र टावर निर्माणका कारण क्रमशः ११ परिवार तथा २११ परिवारहरु प्रभावित हुनेछन् ।

प्रस्तावित आयोजना कार्यान्वयनबाट प्रभावित हुने २२२ परिवारहरु मध्ये २१६ परिवारहरुको सर्वेक्षण गरियो र बाँकी ६ परिवारहरु सर्वेक्षणका क्रममा छुटेका छन्(तालिका नं. ३.१) ।

**तालिका नं. : ३.१ जिल्ला अनुसार सर्वेक्षण गरिएका घरघुरी संख्या**

| जिल्ला | सर्वेक्षण गरिएका घरघुरी | जम्मा | प्रतिशत |
|---|---|---|---|
| झापा | ५ | ५ | २.३१ |
| इलाम | ११४ | ११४ | ५२.७८ |
| पांचथर | ८५ | ८५ | ३९.३५ |
| तेह्रथुम | १२ | १२ | ५.५६ |
| जम्मा | २१६ | २१६ | १०० |

**श्रोतः सर्वेक्षण,२०१४**

प्रस्तुत प्रतिवेदन तयार गर्ने क्रममा प्रभावित गा.वि.स.हरुमा बसोवास गर्ने आदिवासी/जनजाति, दलित तथा महिलाद्वारा सन्चालित लक्षित समूहसँग ३८ ठाउँमा अर्न्तक्रिया कार्यक्रम गरियो । लक्षित वर्ग तथा समूहसँग बढीभन्दा बढी परामर्श, छलफल होस भनी स्थानिय सरोकार समूह/बासिन्दालाई परिचालन गरिएको थियो । पुनर्स्थापना कार्ययोजना तयार गर्नलाई वातावरण तथा सामाजिक अध्ययन विभागद्वारा खटिएको टोलीले स्थलगत अध्ययन र आवाश्यक सूचना संकलन गरी  यो पतिवेदन तयार पारिएको छ ।

## ५.० प्रभाव मूल्यांकन

### *५.१ जग्गा अधिग्रहण*

आयोजना निर्माणका लागि करिब ९.५० हेक्टर खेतीयोग्य जमिन(व्यक्तिगत=९.०५ हेक्टर र सरकारी=०.४५ हेक्टर) स्थायी रुपमा  अधिग्रहण गरिने छ । जसमध्ये ५.८३ हेक्टर चारवटा सव-स्टेशन र ३.६७ हेक्टर जमिन १६४ टावर निर्माणका लागि  प्रयोग गरिने छ । टावरहरु निर्माणका क्रममा सरकारी जग्गामा बसोवस गरेका तथा जग्गाको स्वामित्व नभएका १८ परिवारहरु प्रभावित हुनेछन ्(तालिका नं. ४.१) ।

तालिका नं. ४.१ : प्रसारण लाइनको लागि स्थायी रुपमा अधिग्रहण गरिने खेती योग्य जमिन

| बिवरण | जग्गाको किसिम र प्रयोग | | | | जग्गा प्राप्तीको किसिम |
|---|---|---|---|---|---|
| | खेती योग्य जमिन(हे.) | वन क्षेत्र(हे.) | अन्य | जम्मा(हे.) | |
| **१. सवस्टेशन** | | | | | |
| लखनपुर(झापा) | २.०९६ | ० | ० | २.०९६ | स्थायी |
| गोदक(इलाम) | १.५२५ | ० | ० | १.५२५ | |
| फिदिम(पांचथर) | ०.७५७ | ० | ० | ०.७५७ | |
| अमरपुर(पांचथर) | १.४५४ | ० | ० | १.५४५ | |
| **जम्मा(१)** | **५.८३** | **०** | **०** | **५.८३** | |
| **२. प्रसारण लाइन** | | | | | |
| टावरको लागि आवश्यक पर्ने जग्गा | ३.६७* | १.५३ | ०.२२ | ५.४१ | * ०.४५ हे. सरकारी तर ब्याक्तीले प्रयोग गरेको स्थायी अधिग्रहण गरिने |
| जम्मा | ९.५० | १.५३ | ०.२२ | ११.२४ | |

**श्रोतः आयोजना,२०१४**

## ५.२ व्याक्तिगत संरचना तथा सार्वजनिक सम्पतिको क्षति

आयोजना निर्माणको क्रममा प्रसारण लाइनको पहिलो खण्ड, टावर नं. ४/४ देखि ४/५ विचमा एक परिवारको १ संरचना प्रभावित हुनेछ जसमध्ये १ वटा घर रहेको छ । प्रसारण लाईन आयोजनाको दोस्रो खण्ठ टावर नं ५२ देखि ५३ को विचमा श्री शिवशक्ति गुरुकूल संस्कृत पाठशाला पनि आयोजना निर्माणका क्रममा प्रभावित हुनेछ । साथै, प्रसारण लाइनको पहिलो खण्ड टावर नं. ३,४,५,६ र ७ को विचमा ससस्त्र प्रहरी वलको वेश क्याम्प पर्दछ ।

## ५.३ नीति पुनरावलोकन

आयोजना निर्माणका क्रममा प्रस्तावकले नेपाल सरकारको कानूनी प्रावधानहरु एवं विश्व बैंकको वातावरणीय तथा सामाजिक सुरक्षा नीतिहरुको पुर्ण पालना गर्नेछ । प्रस्तुत प्रतिवेदन अध्ययनको क्रममा जग्गा प्राप्ति ऐन, स्थानिय स्वायत शासन ऐन, विद्युत नियमावली, अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि तथा विश्व बैंकको सामाजिक सुरक्षा नीति आदि जस्तो महतवपूर्ण ऐन, नियमहरु अध्ययन प्रतिवेदन तयार गर्ने क्रममा पुनरावलोकन गरिएको छ ।

## ६.० आयोजनाको लागि जग्गा प्राप्ति तथा प्रभाव न्यूनीकरणका आधारहरु

नेपालमा जग्गा प्राप्ति सम्बन्धी हाल सम्म भएका प्रयोगहरु अनुसार, जग्गा प्राप्ति ऐन २०३४ नै नेपाल सरकारको लागि जग्गा प्राप्तिको मुख्य आधार हो । तसर्थ यस आयोजनालाई आवाश्यक पर्ने जग्गा, जग्गा प्राप्ति ऐन २०३४ मा उल्लेखित प्रावधान बमोजिम अधिग्रहण गरिने छ । यस

ऐन अनुसार सम्बन्धीत जिललाका प्रमुख जिल्ला अधिकारीको अध्यक्षामा क्षतिपुर्ति निर्धारण समिति गठन गरिन्छ। यस समितिले जग्गा धनीको गुनासाहरुलाई समेत सम्बोधन गर्नेछ।

## *६.१ जग्गा प्राप्ति तथा पुनर्वास उत्तरदायित्व*

नेपाल विद्युत प्राधिकरण अर्न्तगत १३२ के.भी प्रशारण लाइन निर्माण विभाग र काबेली कोरिडर प्रशारण लाइन आयोजनाले सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीको परामर्श बमोजिम जग्गा अधिग्रहण, स्थानिय बासिन्दाले उठाएका मुख्य समस्या तथा चासोहरु, प्रभावित जमिन तथा संरचनाको क्षतिपूर्ति, जीविकोपार्जन कार्यक्रम, रोजगारी, प्रशारण लाइनको रुट परिवर्तन, प्रभाव न्यूनीकरण तथा पुर्नवास सम्बन्धी विभिन्न कार्यहरु गर्नेछ।

जमिन तथा संरचनाको क्षतिपूर्ति सम्बन्धी निर्णय तथा कार्यान्वयनका सम्बन्धमा प्रभावित परिवारलाई आफ्ना असहमति जाहेर गर्न गुानासो व्यवस्थापन निकायको स्थापना गरिनेछ। प्रभावित परिवारलाई आफ्नो हक तथा अधिकार सम्बन्धमा पूर्व रुपमा सचेत गराइने छ। प्रभावित क्षेत्रमा स्थापना गरिसकेको काबेली कोरिडर वातावरण तथा सामाजिक व्यवस्थापन इकाइमा प्रभावित व्यक्ति तथा स्थानिय बासिन्दाहरुले आफ्ना गुनासाहरु राख्न सक्नेछन्।

## **७.० प्रभाव न्यूनीकरण**

अध्ययनका क्रममा आंकलन गरिएका नकारात्मक प्रभावहरुको न्यूनीकरणका लागि सुहाउदो न्यूनीकरणका उपायहरु अवलम्बन गर्ने प्रस्ताव गरिएका छन्। आयोजना निर्माणको क्रममा र निर्माण पश्चात् पनि यसले समाजको सामाजिक, आर्थिक र साँस्कृतिक वातावरणमा असर पर्दछ र ती प्रभावको न्यूनीकरणका साथै प्रभावित परिवारले बढी भन्दा बढी लाभ लिन सकुन् भनी उपयुक्त माध्यमको अवलम्बन गरिनेछ। यो प्रतिवेदन कार्यान्वयन गर्दा तपसिलमा उल्लेखित प्रभाव न्युनीकरणका तथा अभिवृद्धि सम्वन्धी उपायहरु अवलम्बन गरिने छ।

- आयोजनालाई आवश्यक पर्ने निजि सम्पति (जग्गा, घर, टहरा, रुख आदि) अधिग्रहण गर्दा प्रतिस्थापन मूल्य वरावरको क्षतिपूर्ति दिइने छ।
- जमिनको स्वामित्व नभएका तर आयोजना निर्माणका क्रममा प्रभावित परिवारहरुलाई प्रचलित मुल्य बराबरको २५% रकम क्षतिपुर्ति दिइने छ।
- जीविकोपार्जनको निमित्त प्रभावित परिवारहरुको लागि विभिन्न प्रकारका सीप विकास तथा कृषिजन्य तालिम कार्यकमहरु संचालन गरिने छ जसवाट व्यक्तिको आयस्तरमा

वृद्धि हुने छ । यस्ता कार्यक्रमहरुमा कृषि उत्पादकत्व बृर्दि तथा पशुपालन सम्बन्धी तालिम तथा सिपमुलक सम्बन्धी तालिम आदि मुख्य रहेका छन् ।

- प्रभावित परिवारहरुलाई आयोजनामा रोजगारीका लागि पहिलो प्राथमिकता दिइने छ ।
- आयोजना क्षेत्रको विभिन्न स्थानमा सामाजिक सचेतना सम्बन्धी कार्यक्रमहरु संचालन गरिने छ ।
- सार्वजनिक विद्यालय सास्कृतिक तथा धार्मिक महत्वका क्षेत्रहरुको स्थानान्तरण गर्नु पर्ने भएमा स्थानीय सरोकारवालाहरुको सभागिताको आधारमा गरिनेछ ।

## ७.१ आयोजनाको पुनर्वास कार्यसम्बन्धी राहत वितरण खाका

जग्गा प्राप्ती ऐन २०३४ र विश्व वैंकको अस्वैछीक पुनर्वास नीति अनुसार राहत वितरण गरिने छ । यो नीति अनुसार आफ्नो सम्पत्ति क्षती हुने व्यक्तिहरु योग्य हुने छन् । पुनर्वास कार्य सम्बन्धी राहत वितरण निम्न अनुसार हुनेछ ।

- जुन व्यक्तिको घर पुनस्थापना गर्नुपर्ने छ , त्यस्ता व्यक्तिहरुलाई एक पटक स्थानान्तर खर्च रु. १५,०००।– घर भाडा खर्च ६ महिनाको लागि प्रति महिना रु. ५०००।– र यातायात खर्च रु. १५,०००।– राहत स्वरुप उपलव्ध गराईने छ ।
- आफ्नो स्वामित्वको १०% भन्दा वढी जग्गा अधिग्रहणमा परि प्रभावित हुने परिवारहरु, दलित तथा महिला प्रमुख प्रभावित परिवारहरुलाई जिविकोपार्जनको लागि एक पटक प्रति परिवार रु. १५,०००।– का दरले राहत उपलव्ध गराईने छ ।
- जमिनको स्वामित्व नभएका तर आयोजना निर्माणका क्रममा प्रभावित परिवारहरुलाइ कृषि राहत स्वरुप एक पटक रु. १५,०००।– उपलव्ध गराईने छ ।

## ८.० संस्थागत व्यवस्था

आयोजना व्यवस्थापनको सम्पूर्ण कार्य नेपाल विद्युत प्राधिकरण अर्न्तगत १३२ के.भी प्रशारण लाइन निर्माण विभाग र कावेली कोरिडर प्रशारण लाइन आयोजनाले गर्नेछ । प्रस्तुत प्रतिवेदनमा उल्लेखित व्यवस्था कार्यान्वयन गर्न केन्द्रीयस्तरमा संस्थागत संरचना तथा जनशक्तिहरु परिचालन गरिने छ । केन्द्र स्तरमा वातावरण तथा सामाजिक अध्ययन विभाग ( ने.वि.प्रा.), ऊर्जा मंत्रालय तथा विद्युत विकास विभाग पर्दछन् । आयोजना स्तरमा आयोजना प्रमुख/जग्गा अधिग्रहण तथा पुनःस्थापना इकाइ, कावेली कोरिडर प्रशारण लाइन, वातावरण तथा

सामाजिक अनुगमन इकाई, क्षतिपूर्ति निर्धारण समिति, स्थानीय परामर्शदातृ मञ्च, निर्माण ठेकेदार तथा जिल्ला स्तरीय निकायहरु पर्दछन् । दातृ निकायले विशेषतः ऋण संझौतामा उल्लेखित प्राबधान बमोजिम पालना भए/नभएको अनुगमन  गर्नेछ । । यसका साथै प्रभाव न्यूनीकरण र अनुगमन कार्यको कार्यान्वयन योजना अनुसार सुनिश्चता प्रदान गर्न विज्ञहरुको एउटा छुट्टै निकाय स्थापना गरिनेछ ।

## *९.० वजेटको व्यवस्था र कार्यान्वयन अवधि*

प्रस्तुत पुर्नवास कार्ययोजना कार्यान्वयनको का लागि कूल लागत रू. **५६३०३५०७**/- लाग्ने छ । टावर, सवस्टेशन निर्माणका अधिग्रहण गरिने जग्गा तथा संरचना प्रभावित व्यक्तिहरुलाई दिइने मुआव्जा रकम तथा पुनर्स्थापना लागत यसमा समावेश गरिएको छ । यद्यपि प्रसारण लाइन मुनि परेका जग्गाधनिलाई क्षतिपूर्तिको रकम र यसका लागि अनुगमानित लागत पनि यसमा समावेश गरिएको छैन् । सो लागतलाई वातावरणीय व्यवस्थापन लागतमा समावेश गरिने छ । प्रस्तुत प्रतिवेदन जुलाइ, २०१५ सम्ममा कार्यान्वयने गरिने छ  ।

## **१०.० अनुगमन**

प्रभाव न्यूनिकरण एवं अभिबृद्धिका उपायहरु अवलम्वन गर्दै प्रभावित परिवारहरुको जिवनस्तर आयोजना कार्यान्वयन हुनु अगाडीको भन्दा राम्रो अवस्थामा पुऱ्याउनु आयोजना पस्तावकको प्रमुख दायत्व हो । यसका लागि प्रभावकारी अनगमन आवाश्यक पर्दछ ।

आयोजना क्षेत्रमा अनुगमनको लागि वातावरण तथा सामाजिक अध्ययन विभाग अन्तर्गत रहने गरि कावेली कोरिडोर,वातावरण तथा सामाजिक इकाई साइट कार्यालय स्थापना गरिएको छ । यस इकाई कार्यालय मार्फत प्रतिवेदनमा उल्लेख गरिएका कार्यक्रमहरु प्रभावकारी भए/नभएको दैनिक अनुगमन गरिने छ । यसमा विषेश गरि मुअब्जा वितरण, पुर्नवास तथा पुनस्थापना सहयोग, आयोजना तथा ठेकेदार कम्पनीले प्रभाव न्यूनिकरण तथा सामुदायिक विकासका क्षेत्रमा गर्नु पर्ने कार्यहरु गरे/नगरेको अनुगमन गर्नेछ ।

यसैगरी, दातृसंस्था विश्व बैकले पनि स्थानिय स्वतन्त्र वाह्रय परामर्शदातृ संस्था मार्फत प्रस्तावक, आयोजना र ठेकेदार कम्पनीले प्रतिवेदनमा उल्लेख गरिएका मापदण्ड अनुसार कार्य भए/नभएको अनुगमन गर्नेछ । दातृ संस्था मार्फत गरिने अनुगमन विषेश गरी  नेपालको प्रचलित ऐन, नियम तथा विश्व बैकका वातावरण तथा सामाजिक सुरक्षा नीति, निर्देशिका र

पुनर्वास कार्य योजना प्रतिवेदनमा उल्लेखित ब्यबस्था अनुसार आयोजना कार्यान्वयन भए/नभएको अनुगमन गर्नेछ ।

तसर्थ, आयोजना, प्रस्तावक, दातृसंस्था, ठेकेदार कम्पनी र क्षतिपूर्ति निर्धारण समिति आदी यो प्रतिवेदन कार्यान्वयन प्रति जवाफदेही हुनेछन् ।

## ११.० मुआब्जा तथा क्षतिपुर्तिका आधारहरु

प्रस्तुत आयोजना कार्यान्वयन गर्दा प्राप्त गर्नु पर्ने घर तथा अन्य सम्रचनाहरु साथै स्थायी रुपमा अधिग्रहण गर्नु पर्ने जग्गाको लागि मुआब्जा तथा क्षतिपुर्तिका आधारहरु निम्न अनुसार हुनेछ (तालिका नं. ११.१ र ११.२) ।

## *तलिका नं. ११.१ : मुआब्जा तथा क्षतिपूर्ति वितरणका आधारहरु*

| क्षतिको प्रकार | परिभाषा | मुआब्जा तथा क्षतिपूर्ति विवरण | कार्यान्वयन विधि | जिम्मेवार निकाय |
|---|---|---|---|---|
| **१.घर र अन्य संरचना** | | | | |
| १.१ आवासको( घर) क्षति | कानूनी स्वामीत्व भएको | * संरचनाले ओगटेको जमीनको क्षतिपूर्ति ।<br>* प्रतिस्थापन मूल्यमा घरको प्रकार अनुसार नगद क्षतिपूर्ति । | * संरचनाको मूल्यांङ्कन संवन्धित जिल्लाको शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालयको परार्मशमा गर्ने ।<br>* प्रभावित घरका क्षतिपूर्तिको लागि क्षतिपूर्तिको दर निर्धारण गर्न प्रत्येक जिल्लामा क्षतिपूर्ति निर्धारण समितिको गठन हुनेछ । यसैमार्फत क्षतिपूर्तिको दर निर्धारण गरिने छ ।<br>* घरको क्षतिपूर्ति प्रतिस्थापन मूल्यमा निर्धारण हुनेछ , क्षतिपूर्ति उपलब्ध गराउँदा घरको ह्रास कट्टा गरीने छैन ।<br>* घर भत्काएपछि निस्कने पुरानो निर्माण सामाग्री सम्वन्धित व्यक्तिले नै प्रयोग गर्नेछन । क्षतिपूर्तिको रकमवाट यस्तो सामानको मूल्य घटाइने छैन ।<br>* घरको क्षतिपूर्ति रकम मध्ये ५०% अग्रीम भक्तानी दिइनेछ र वाँकी ५०% रकम घर भत्काइसकेपछि दिइने छ ।<br>* ६ महिनाको घर भाडा वापत सम्वन्धित व्यक्तिले प्राप्त गर्नेछन् ।<br>* यातायात खर्चवापत र विस्थापन रकम एकपटक मात्र प्राप्त गर्नेछन् ।<br>* यसको अतिरिक्त यस्ता घरधुरीले थप सीपमूलक तालीम तथा सुविधा समेत प्राप्त गर्नेछन् ।<br>* घर भत्काउनु ३५ दिन अगावै ठाऊँ खालीको लागि सूचना जारी गरीने छ ।<br>* उचित क्षतिपूर्ति दिने उद्देश्यले घरको क्षतिपूर्ति दर निर्धारण र क्षतिपूर्ति वितरण सम्वन्धि सम्पूर्णकार्य १ वर्षभित्र सम्पन्न गरिने छ | ने.वि.प्रा, आयोजना र प्र.जि.अ. |
| १.२ व्यक्तिगत अन्य संरचनाहरुमा हुने क्षति | कानूनी स्वामीत्व भएको | * अन्य संरचनाहरु जस्तै गोठ, धारा, इनार आदि ।<br>* संरचनापिच्छे आंशिक वा पुरा क्षतिअनुसार प्रतिस्थापन मूल्य वरावरको क्षतिपूर्ति ।<br>* संरचनाले ओगटेको जमीनको क्षतिपूर्ति । | * घर वाहेकका अन्य संरचना पर्नेहरुका लागि क्षतिपूर्ति बाहेक अन्य सुविधा नभएको ।<br>* क्षतिपूर्ति निर्धारण कमिटिले क्षतिपूर्तिको दर निर्धारण गर्नेछ ।<br>* घर वाहेकका अन्य संरचना अधिग्रहण गर्दा ३५ दिन अगावै ठाऊँ खालीको लागि सूचना जारी गरिने छ । | ने.वि.प्रा, आयोजना र प्र.जि.अ. |
| **२ जग्गा** | | | | |
| २.१ निजी जग्गाको क्षति ( टावर तथा सबस्टेसन) | कानूनी स्वामीत्व भएका | * प्रतिस्थापन मूल्यमा मुआब्जा प्रदान गरिने ।<br>* मुआब्जा दर निर्धारण हुंदा जग्गाको सरकारी मूल्य र वजार मूल्य समेतलाइ आधार मानी दर निर्धारण हुनेछ ।<br>* बाली भएको जग्गाको हकमा बाली क्षति वापत एक पटकको लागि एक वालीको उत्पादन वरावरको क्षतिपूर्ति दिइने । | * प्रत्येक जिल्लामा मुआब्जा निर्धारण समिति वन्ने छ । संबन्धीत जग्गावालालाई यसै समितिद्वारा निर्धारित दरअनुसारको मुआब्जा उपलब्ध गराइने छ ।<br>* जग्गाको क्षति भएका व्यक्ति र क्षेत्रफलको सूचि आवश्यक पर्ने छ ।<br>* घर वाहेकका अन्य संरचना अधिग्रहण गर्दा ३५ दिन अगावै ठाऊँ खालीको लागि सूचना जारी गरिने छ ।<br>* जग्गावालाको चाहनामा मुआब्जा रकम नगद वा चेक जुनसुकै रुपमा पनि हुन सक्नेछ ।<br>* उचित मुआब्जा दिने उद्देश्यले प्राप्तगर्ने जग्गाको मुआब्जा दर निर्धारण र सम्पूर्ण मुआब्जा वितरण संवन्धी कार्य १ वर्ष भित्र सम्पन्न गर्नुपर्ने छ । | ने.वि.प्रा, आयोजना र प्र.जि.अ. |
| २.२ . प्रसारण लाइनको अधिकार क्षेत्र भित्र पर्ने निजी | कानूनी स्वामीत्व भएका | * जग्गाको प्रचलित मुल्य वरावरको १० प्रतिशत हुन आउने रकम क्षतिपूर्ति दिइने । | * प्रत्येक जिल्लामा मुआब्जा निर्धारण समिति वन्ने छ । सम्वन्धीत जग्गावालालाई यसै समितिद्वारा निर्धारित दर अनुसारको मुआब्जा उपलब्ध गराइने छ । | ने.वि.प्रा, आयोजना र प्र.जि.अ. |

| | | | | |
|---|---|---|---|---|
| जग्गाको क्षति | | * मुआब्जा दर निर्धारण हुंदा जग्गाको सरकारी मूल्य र वजार मूल्य समेतलाइ आधार मानी दर निर्धारण हुनेछ ।<br>*<br>* बाली भएको जग्गाको हकमा बाली क्षति वापत एक पटकको लागि एक वालीको उत्पादन वरावरको क्षतिपूर्ति दिइने । | * जग्गाको क्षति भएका व्यक्ति र क्षेत्रफलको सूचि आवश्यक पर्ने छ ।<br>* घर वाहेकका अन्य संरचना अधिग्रहण गर्दा ३५ दिन अगाबै ठाऊँ खालीको लागि सूचना जारी गरिने छ ।<br>* जग्गावालाको चाहनामा मुआब्जा रकम नगद वा चेक जुनसुकै रुपमा पनि हुन सक्नेछ ।<br>* उचित मुआब्जा दिने उद्देश्यले प्राप्त गर्ने जग्गाको मुआब्जा दर निर्धारण र सम्पूर्ण मुआब्जा वितरण संवन्धी कार्य १ वर्ष भित्र सम्पन्न गर्नुपर्ने छ । | |
| २.३ निजी जग्गाको अस्थायी क्षति | कानूनी स्वामीत्व भएका | * अस्थायी कार्य गर्दा हुने वालीको क्षति, जग्गाको उत्पादकत्वमा कमी आदिको क्षतिपूर्ति हुने ।<br>* अस्थायी कार्य गर्दा आउने अन्य वाधा व्यवधान र सम्पत्ती क्षतिको क्षतिपूर्ति ।<br>* अस्थायी रुपमा प्राप्त गनुपर्ने जग्गाको लागि आयोजना ठेकेदारले संवन्धीत जग्गाधनीसंग भाडा निर्धारणका लागि वार्ता गरी संझौता गनुपर्ने छ ।<br>* अस्थायी रुपमा लिएको जग्गाको समयावधि सकिएपछि जग्गाधनीलाई पूर्ववत रुपमा वा जग्गाको स्तर सुधार गरेर वा दुईपक्ष वीच भएको समझदारीको आधारमा जग्गा फिर्ता गनुपर्नेछ । | * संम्वन्धित जग्गा धनीसंग निम्नलिखित शर्त खुलाई जग्गा भाडा संझौता गर्नुपर्ने छ :<br>● भाडामा लिने जग्गाको संझौता अवधि<br>● वार्षिक मूद्रास्फिति समायोजन<br>● भुक्तानी तरीका<br>● जग्गाको संरक्षण तथा जग्गाको पूर्वअवस्था तथा शर्तहरु ।<br>* भाडामा लिइएको जग्गाको संझौता वमोजिमको समय सीमा समाप्त भएपछि उक्त जग्गा जग्गाधनीलाई पूर्ववत रुपमा फिर्ता गनुपर्नेछ । | ने.वि.प्रा, आयोजना र प्र.जि.अ. |
| **३.अन्य निजी सम्पत्तीहरु** | | | | |
| ३.१ मौसमी बालीको क्षति | कानूनी स्वामीत्व भएका | * बाली भित्राउन अग्रिम सूचना दिइने ।<br>* बाली भित्राउन नपाउँदै बाली क्षति भएको अवस्थामा क्षति अनुरुप क्षतिपूर्ति उपलब्ध हुने । | आयोजनाले जिल्ला कृषि विकास कार्यालयको सल्लाहको आधारमा बालीको क्षतिपूर्ति दर निर्धारण गर्ने छ । | ने.वि.प्रा, आयोजना र सम्बन्धीत जिल्ला कृषि विकास कार्यालय |
| ३.२ निजी रुख र वहुवर्षे बाली को क्षति | कानूनी स्वामीत्व भएका | * बाली भित्राउन अग्रिम सूचना दिइने ।<br>* बाली भित्राउन नपाउँदै बाली क्षति भएको अवस्थामा क्षति अनुरुप क्षतिपूर्ति उपलब्ध हुने । | * जिल्ला वन कार्यालय र जिल्ला कृषि विकास कार्यालयको राय सुझावको आधारमा क्षतिपूर्ति निर्धारण समिति मार्फत क्षतिपूर्तिको दर निर्धारण गरिने छ ।<br>* प्रवर्दकले प्रभावित व्यक्ति र समुदायलाई नयाँ रुप तथा मौसमी वालीहरु उत्पादनका लागि सहयोग गर्ने छ ।<br>* प्रभावित व्यक्ति वा परिवारहरुलाई कृषि उत्पादन सम्बन्धी तालिम सन्चालन गरिने छ । | ने.वि.प्रा, आयोजना र सम्बन्धीत जिल्ला कृषि विकास कार्यालय,जिल्ला वन कार्यालय र प्र.जि.अ. |
| **४.सामाजिक संरचना र सम्पत्ती** | | | | |
| ४.१ सामाजिक भवन र संरचना | स्थानीय समुदाय | सामाजिक भवन र संरचनाहरुमा प्रतीक्षालय, स्कूल, मन्दिर, धारा, इनार, आदि पर्दछन् । | * प्रभावित समुदायसँगको समन्वयमा सामाजिक संरचनाको स्थानान्तरण वा पुनःनिर्माण संबन्धी काम गर्ने । | ने.वि.प्रा, आयोजना र सम्बन्धीत क्षेत्रका समुदायहरु |
| ४.२ रुखहरु | सामुदायिक वन उपभोक्ता समूह वा स्थानीय समुदाय | नेपाल सरकारको निर्णय तथा वन क्षेत्रको जग्गा अन्य प्रयोजनको लागि उपलब्ध गराउने निर्देशिका, २०६३ वमोजिम वृक्षारोपण गर्ने । | * आयोजनाले एक रुख काटेवापत दुई रुख अनिवार्य वृक्षारोपण गर्नेछ । साथै, पाँच वर्षसम्म रोपिएका विरुवाहरुको संरक्षण गर्नेछ ।<br>* पाँच वर्षपछि उक्त स्थान जिल्ला वनकार्यालय मार्फत स्थानीय सामुदायिक वन उपभोक्ता समूहलाई हस्तान्तरण गर्नेछ । | ने.वि.प्रा, आयोजना र सम्बन्धीत वन कार्यालय र सामुदायिक वन उपभोक्ता समूहहरु |

| | | | | |
|---|---|---|---|---|
| **५. पुनःस्थापनामा सहयोग** | | | | |
| ५.१ घरधुरीको स्थानान्तरण | कानूनी स्वामीत्व भएका | * विस्थापन भत्ता<br>* स्थानान्तरण खर्च<br>* यातायात खर्च | * ६ महिनाको घरभाडा वापत प्रति महिना रु.५००० का दरले सहयोग गर्ने ।<br>* स्थानान्तरण खर्च<br>* यातायात खर्च रु. १५००० सहयोग गर्ने ।<br>* सिपमुलक तालिमहरु दिइने र<br>* आयोजनामा रोजगारीका लागि प्राथमिकता । | ने.वि.प्रा, आयोजना र प्र.जि.अ |
| ५.२ कृषियोग्य जमीनको क्षति ( टावर तथा सबस्टेसन) | कानूनी स्वामीत्व भएका | जग्गाको क्षतिको आधारमा क्षतिपूर्ति दिइने । | जसले आफ्नो कूल जग्गाको १०% भन्दा वढी जग्गा गुमाएका छन् त्यस्ता घरधुरीहरुको लागि :<br>* जिविकोपार्जनका लागि एक पटक रु.१५००० सहयोग ,<br>* सिपमुलक तालिम,<br>* कृषि सम्वन्धी तालिम र<br>* आयोजनामा रोजगारीका लागि प्राथमिकता । | ने.वि.प्रा, आयोजना र वातावरण तथा सामाजिक अध्ययन विभाग |
| ५.३ जोखीममा परेका सामाजिक समूहहरु | प्रभावित परिवारहरु | आयोजनावाट प्रभावित र जोखिममा परेका सामाजिक समूहरुमा :<br>* दलीत,<br>* महिला प्रमुख प्रभावित परिवारहरु | * त्यस्ता व्यक्तिहरुको जीवननिर्वाह स्तरमा सुधारको साथै पुनर्स्थापनामा सहयोग गर्ने ।<br>* संभव भएसम्म यस्ता व्यक्तिहरुको लागि आयोजनाको निर्माण चरणमा रोजगारीमा प्राथमिकता दिने ।<br>* जिविकोपार्जनमा सहयोगका लागि रु. १५,००० एक पटक राहत दिइने ।<br>* कृषि तथा पशुपालन सम्बन्धी तालिम र सहयोग गर्ने ।<br>* सिपमुलक तालिमहरु दिइने । | ने.वि.प्रा, आयोजना र वातावरण तथा सामाजिक अध्ययन विभाग |
| **६. सरकारी सम्पत्ती** | | | | |
| ६.१ संरचनाको क्षति | सम्बन्धीत निकाय | संरचनाको मर्मत अथवा स्थानान्तरण | सम्बन्धीत सरकारी निकायसंग समन्यवय गरी आवश्यक कार्य गर्ने । | ने.वि.प्रा, आयोजना र जिल्लाका सम्बन्धीत निकायहरु |
| ६.२ सरकारी जग्गाको क्षति | सम्बन्धीत निकाय | क्षतिपूर्तिको प्रावधान नभएको | संवन्धीत सरकारी निकायसंग परामर्श/समन्यवय गर्ने । | ने.वि.प्रा, आयोजना र जिल्लाका सम्बन्धीत निकायहरु |
| **७. सामान्य सुझाव** | | | | |
| ७.१ आयोजनाबाट पर्ने सम्पूर्ण प्रभाव | आयोजनाको प्रसारण मार्गमा पर्ने समुदाय, सरोकारवाला निकाय र प्रभावित घरधुरीहरु | आयोजना प्रभावको वारेमा सुझाव, निर्माण तालीका, घरजग्गा प्राप्ति मिति ,घरजग्गा मूल्याँङ्कन, क्षतिपूर्ति तथा जनगुनासो व्यवस्थापन संरचना, रोजगारी तथा स्थानीय विकास आदिको वारेमा सुझाव | * स्थानीय सरोकारवालासंग छलफल र समन्वय गर्ने ।<br>* नेपाल सरकारको मन्त्रालय, विभाग, जिल्ला स्थित कार्यालय (जि.वि.स,गा.वि.स) संग समन्यवय गरी आयोजनाको प्रभावकारी कार्यान्वयन, साधनको सदुपयोग र स्थानीय विकासमा सहयोग पुर्‍याउने ।<br>* विश्व बैंकका वातावरण तथा सामाजिक सुरक्षा नितिको पुर्ण रुपमा पालना गर्ने । | ने.वि.प्रा, आयोजना र जिल्लाका सम्बन्धीत निकायहरु |

*तालिका नं. ११.२ : मुआब्जा तथा क्षतिपूर्ति वितरणका आधारहरु (जग्गाको स्वामित्व नभएकाहरुका लागि)*

| क्र.सं. | क्षतिको प्रकार | मुआब्जा तथा क्षतिपूर्ति विवरण | कार्यान्वयन विधि | कैफियत |
|---|---|---|---|---|
| १. | टावर तथा १८ मी. प्रसारण लाइनका कारण आवासको क्षति | १. घर तथा संरचनाको प्रतिस्थापन मूल्यमा क्षतिपूर्ति उपलब्ध हुने ।<br>२. घर भत्काएपछि निस्कने पुरानो निर्माण सामाग्री सम्वन्धित व्यक्तिले नै प्रयोग गर्न पाउने छन् ।<br>३.क्षतिपूर्तिको रकमवाट यस्तो सामानको मूल्य घटाइने छैन ।<br>४. त्यस्ता परिवारहरुका लागि निम्न अनुसारको राहत लिइने छ ।<br>* विस्थापन भत्ता<br>* स्थानान्तरण खर्च<br>* यातायात खर्च<br>५. अन्य स्थानमा स्थानान्तरका लागि सहयोग गर्ने । | * निर्माण कार्य हुन अगावै क्षतिपूर्ति दिइने ।<br>* पुनर्वास कार्य योजनामा उल्लेखित राहत तथा पुनस्थापना सहयोग पाउने । | * घर र अन्य संरचनाको प्रतिस्थापन मूल्यमा क्षतिपूर्ति निर्धारण समितिले तोकिए बमोजिम एक पटक नगद क्षतिपूर्ति उपलब्ध हुने ।<br>* तर जग्गाको कानूनी स्वामित्व नभएको कारण संरचनाले ओगटेको जग्गाको क्षतिपूर्ति भने नपाउने । |
| १.१. | गोठ तथा अन्य संरचनाहरुमा हुने क्षति | १. संरचनाको प्रतिस्थापन मूल्यमा क्षतिपूर्ति उपलब्ध हुने ।<br>२.संरचना भत्काएपछि निस्कने पुरानो निर्माण सामाग्री सम्वन्धित व्यक्तिले नै प्रयोग गर्न पाउने छन् । क्षतिपूर्तिको रकमवाट यस्तो सामानको मूल्य घटाइने छैन । | * निर्माण कार्य सुरु हुन अगावै क्षतिपूर्ति दिइने । | * जग्गाको कानूनी स्वामित्व नभएको कारण संरचनाले ओगटेको जग्गाको क्षतिपूर्ति नपाउने ।<br>* क्षतिपूर्ति निर्धारण समितिले क्षतिपूर्ति निर्धारण गार्न सक्ने । |
| २.१ | टावरका कारण क्षति हुने जग्गा | टावरले प्रभाव पार्ने जग्गाको लागि एक पटक नगद क्षतिपूर्ति उपलब्ध हुने । | * निर्माण कार्य सुरु हुन अगावै नगद क्षतिपूर्ति दिइने । | * क्षतिपूर्ति निर्धारण समितिले टावरमा पर्ने जग्गाको मुल्य निर्धारण गर्ने छ । |
| २.२ | १८ मी. प्रसारण लाइनका कारण प्रभावित हुने जग्गा | १८ मी. प्रसारण लाइनका कारण प्रभावित हुर्ने जग्गाको लागि एक पटक नगद क्षतिपूर्ति उपलब्ध हुने । | * निर्माण कार्य सुरु हुन अगावै नगद क्षतिपूर्ति दिइने । | * आयोजना र क्षतिपूर्ति निर्धारण समितिले १८ मी. प्रसारण लाइनका कारण प्रभावित हुर्ने जग्गाको मुल्य निर्धारण गर्ने छ । |
| ३ | अन्न तथा बालीको क्षति | जिल्ला जिल्ला कृषि विकास कार्यालयको राय सुझावको आधारमा प्रचलित मुल्य बमेजिम क्षति हुने अन्न तथा वालिको निर्धारण समिति मार्फत क्षतिपूर्ति दिइने छ । | * बाली भित्राउन अग्रिम सूचना दिइने ।<br>* क्षति भएको वालिको लागि भुक्तानी दिइने । | आयोजना तथा प्रभावित ब्याक्तीहरु दुवैका सक्रिय सहभागितामा क्षति हुने वालिको अद्यावधिक गरिने छ । |
| ४. | रुख तथा डाले घांसको क्षति | प्रचलित मुल्य बमेजिम क्षति हुने रुख तथा डाले घांसको क्षतिपूर्ति दिइने छ । | निर्माण कार्य सुरु हुन अगावै नगद क्षतिपूर्ति दिइने । | आयोजना तथा प्रभावित ब्याक्तीहरु दुवैका सक्रिय सहभागितामा क्षति हुने रुखहरुको अद्यावधिक गरिने छ । |
| ५. | ४.१ सामाजिक भवन, संरचना, खानेपानि तथा अन्य श्रोतहरुको क्षति | प्रभावित समुदायसँगको समन्वयमा सामाजिक संरचनाको स्थानान्तरण वा पुनःनिर्माण संबन्धी कार्यहरु गर्ने । | स्थानिय सरोकारवालाहरुसंग समन्वय गरिने । | आयोजना तथा स्थानिय समुदाय विच दुवैका सक्रिय सहभागितामा क्षति हुने सामाजिक भवन, संरचना, खानेपानि तथा अन्य श्रोतहरुको पहिचान रस्थानान्तरण गरिने छ । |
| ६. | अन्य सामाजिक, सास्कृतिक तथा धार्मिक दृष्टिकोणले महत्वपुर्ण मानिने मठ तथा मन्दीरहरुको क्षति | प्रभावित समुदायसँगको समन्वयमा सामाजिक, सास्कृतिक तथा धार्मिक दृष्टिकोणले महत्वपुर्ण मानिने मठ तथा मन्दीरहरुको स्थानान्तरण वा पुनःनिर्माण संबन्धी कार्यहरु गर्ने । | स्थानिय सरोकारवालाहरुसंग समन्वय गरिने । | आयोजना तथा स्थानिय समुदाय विच दुवैका सक्रिय सहभागितामा क्षति हुने सामाजिक, सास्कृतिक तथा धार्मिक दृष्टिकोणले महत्वपुर्ण मानिने मठ तथा मन्दीरहरुको पहिचान रस्थानान्तरण कार्यहरु गरिने छ । |